# बार्षिक प्रगति पुस्तिका

## आ.व. २०८०/०८१



### मधेश प्रदेश सरकार

## वन तथा वातावरण मन्त्रालय

### जनकपुरधाम, धनुषा

# वार्षिक प्रगति पुस्तिका

## (आ.व. २०८०/८१)



ठाकुर बाबा सामुदायिक वन, सप्तरी

मधेश प्रदेश सरकार

## वन तथा वातावरण मन्त्रालय

जनकपुरधाम, धनुषा

प्रकाशन :मधेश प्रदेश सरकार

वन तथा वातावरण मन्त्रालय

जनकपुरधाम, धनुषा, नेपाल

सम्पर्क नं. :०४१-५२७०१२

इमेल :mofe@madhesh.gov.np



प्रतिलिपि अधिकार :मधेश प्रदेश सरकार

वन तथा वातावरण मन्त्रालय,

जनकपुरधाम, धनुषा, नेपाल



प्रतिवेदन लेखन तथा तथ्याङ्कन संकलनः वन संरक्षण/व्यवस्थापन अधिकृत श्री अंजना कायस्थ

वन अधिकृत श्री लाल बाबु यादव

वन अधिकृत श्री श्रवण गिरी

रेन्जर श्री क्षितिज पौडेल



प्रकाशन प्रति : ५०० थान

प्रकाशन मिति : असार, २०८२

मुद्रण :आलोक नन्दनी ट्रेडर्स, जनकपुरधाम, धनुषा, नेपाल

मधेश प्रदेश सरकार

# वन तथा वातावरण मन्त्रालय



## दुई शब्द

मधेश प्रदेश सरकारको (कार्य विभाजन) नियमावली, २०८० को अधिनमा रही वन तथा वातावरण मन्त्रालय, मधेश प्रदेश र मातहतका कार्यालयहरुले आर्थिक वर्ष २०८०/८१ मा सम्पादित क्रियाकलाप हरुको अभिलेखिकरण गरी सर्वसाधारणलाई सुसुचित गर्ने उद्देश्यले यो वार्षिक प्रगति पुस्तिका तयार गरिएको छ।

वन तथा वातावरण मन्त्रालय, मधेश प्रदेशले आ.व. २०८०/८१ मा सञ्चालन गरेका प्रमुख कार्यहरु "संरक्षण हाम्रो मन, प्रदेशको वन प्रदेशकै धन" नारालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न सामुदायिक र साझेदारी वन क्षेत्रमा वन सम्वर्द्धन प्रणालीमा आधारित दिगो वन व्यवस्थापन प्रणाली अवलम्वन; धनुषाधाम वन संरक्षण क्षेत्रमा प्राणी उद्यान स्थापना तथा संचालन; वन अतिक्रमण हटाई तारबार सहितको वृक्षारोपण; चुरे जोगाउ मधेश बचाउ कार्यक्रम सञ्चालन र संघीय सशर्त अनुदान तर्फ राष्ट्रिय वन विकास तथा व्यवस्थापन कार्यक्रम, जडिबुटी विकास कार्यक्रम, वातावरण विभागको कार्यक्रम, जलाधार संरक्षण तथा सिमसार ब्यवस्थापन कार्यक्रम, जैविक विविधता तथा जलाधार व्यवस्थापन कार्यक्रम, वन सुरक्षा सैनिक समेतको कार्यक्रम, वन तथा भू-संरक्षण विभाग, समृद्धिका लागि वन कार्यक्रम र वन्यजन्तु आरक्ष आयोजना समेत रहेका छन्।

आर्थिक वर्ष २०८०/८१ मा वन, वनस्पति, जलाधार, जैविक विविधता, भू-संरक्षण र वातावरण क्षेत्रसँग सम्बन्धित प्रदेश सरकारका वार्षिक कार्यक्रमहरु र नेपाल सरकारबाट प्राप्त सशर्त अनुदानका कार्यक्रमहरुको प्रगति एवम् विभिन्न आयाम बारे यस पुस्तिकामा प्रस्तुत गरिएको छ।

यस वार्षिक प्रगति पुस्तिकामा प्रस्तुत गरिएका विषयवस्तु विद्यार्थी, शिक्षक, राष्ट्रसेवक कर्मचारी, अध्येता, अनुसन्धानकर्ता तथा आम पाठकका लागि उपयोगी हुनेछ भन्ने मैले विश्वास लिएको छु। त्यसैगरी यस पुस्तिकामा संलग्न तथ्याङ्क तथा समेटिएका अनुभवहरुले आगामी दिनमा कार्यक्रम कार्यान्वयन गर्न र समयमै गुणस्तरीय नतिजा हासिल गर्न सहयोग पुऱ्याउनेछ भन्ने अपेक्षा राखेको छु। यस पुस्तिकाको

अध्ययन पश्चात पाठकवर्गको अमूल्य सुझाव प्राप्त हुने र आगामी दिनमा यसलाई अझै परिस्कृत बनाउने विश्वास लिएको छु।

अन्त्यमा, सिमित स्रोतसाधनका बावजुद कार्यक्रमहरु प्रभावकारी ढंगबाट सञ्चालन गरी हालको प्रगति हासिल गर्न सहयोग गर्नु हुने वन तथा वातावरण मन्त्रालय, प्रदेश वन निर्देशनालय, वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, डिभिजन वन कार्यालय, भू तथा जलाधार व्यवस्थापन कार्यालयका सम्पूर्ण कर्मचारी र सम्बद्ध सरोकारवालाहरुप्रति धन्यवाद एवम् आभार व्यक्त गर्दछु। साथै, विविध विषयगत तथ्याङ्क संकलन र विश्लेषण गरी यस पुस्तिकालाई अन्तिम रुप दिनुहुने वन संरक्षण/व्यवस्थापन अधिकृत श्री अंजना कायस्थ, वन अधिकृत श्री लाल बाबु यादव, वन अधिकृत श्री श्रवण गिरी र रेन्जर श्री क्षितिज पौडेल लगायतका सहकर्मी साथीहरुलाई धन्यवाद दिन चाहान्छु।

उद्धव बहादुर घिमिरे

प्रदेश सचिव

# विषयसूची

**खण्ड-१ मधेश प्रदेशको परिचय.......... १**

१.१ भौगोलिक अवस्थिति.......... १

१.२ धरातलीय स्वरुप.......... २

१.३ स्थानीय तह.......... ३

१.४ हावापानी.......... ४

१.५ नदी/खोलाहरु.......... ४

१.६ मौलिक संस्कृति, परम्परा तथा रीतिरिवाज.......... ५

१.७ धार्मिक, ऐतिहासिक र पर्यटकीय स्थानहरु.......... ५

१.८ अर्थतन्त्र.......... ६

१.९ बैंक तथा वित्तीय संस्था.......... ६

१.१० जनसंख्याको विवरण.......... ७

१.११ प्रमुख जातजाति.......... ८

१.१२ प्रमुख भाषाभाषी.......... ९

१.१३ शिक्षा.......... १०

१.१४ गरिबी निवारण, रोजगारी र सामाजिक सुरक्षा.......... १०

१.१५ स्वास्थ्य सेवा.......... ११

१.१६ भौतिक पूर्वाधार, यातायात र सञ्चार.......... ११

१.१७ ऊर्जा, सिँचाई र खानेपानी.......... १२

१.१८ उद्योग र वाणिज्य.......... १३

१.१९ वन.......... १३

**खण्ड-२ वन तथा वातावरण मन्त्रालय, मधेश प्रदेशको विवरण.......... १४**

२.१ पृष्ठभूमि.......... १४

२.२ लक्ष्य, उद्देश्य तथा रणनीति ........ १७

२.३ संस्थागत संरचना ........ १८

२.४ सांगठनिक संरचना ........ १९

२.५ दरबन्दी तेरिज ........ १९

२.६ काम, कर्तव्य र अधिकार ........ १९

२.७ महाशाखा/शाखाहरु र महाशाखाको कार्य विवरण ........ २१

२.८ प्रमुख नीति तथा कानूनहरु ........ २८

**खण्ड-३ आर्थिक वर्ष २०८०/८१ को प्रगति ........ २९**

३.१ वन तथा वातावरण मन्त्रालय, मधेश प्रदेशले सञ्चालन गरेका कार्य तथा योजनाहरु ........ २९

३.२ वन तथा वातावरण मन्त्रालय, मधेश प्रदेश ........ ३०

३.३ वन तथा वातावरण मन्त्रालय, मधेश प्रदेशको आ.व. २०७७/७८ देखि २०८०/८१ सम्मको बजेट र खर्च ........ ३१

३.४ प्रदेश वन निर्देशनालय, जनकपुरधाम ........ ३२

३.५ वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, सागरनाथ, सर्लाही ........ ३४

३.६ मधेश प्रदेशमा रहेका डिभिजन वन कार्यालयहरुले सञ्चालन गरेका प्रमुख कार्यहरु ........ ३५

३.७ डिभिजन वन कार्यालय, सप्तरी ........ ३६

३.८ डिभिजन वन कार्यालय, सिराहा ........ ३७

३.९ डिभिजन वन कार्यालय, धनुषा ........ ३९

३.१० डिभिजन वन कार्यालय, महोत्तरी ........ ४१

३.११ डिभिजन वन कार्यालय, सर्लाही ........ ४३

३.१२ डिभिजन वन कार्यालय, रौतहट ........ ४५

३.१३ डिभिजन वन कार्यालय, बारा ........ ४७

३.१४ डिभिजन वन कार्यालय, पर्सा ........ ४९

३.१५ मधेश प्रदेशमा रहेका भू तथा जलाधार व्यवस्थापन कार्यालयहरुले सञ्चालन गरेका प्रमुख कार्यहरु ........ ५१

३.१६ भू तथा जलाधार व्यवस्थापन कार्यालय, सिराहा ........ ५२

३.१७ भू तथा जलाधार व्यवस्थापन कार्यालय, रौतहट ........ ५३

३.१८ वन तथा वातावरण मन्त्रालय र मातहतका कार्यालयहरुको आ.व. २०७४/७५ देखि २०७८/७९ सम्मको बेरुजुको विवरण ........ ५४

३.१९ वन तथा वातावरण मन्त्रालय, मधेश प्रदेशले प्राप्त गरेका उपलब्धीहरु ........ ५५

३.२० वन तथा वातावरण मन्त्रालय, मधेश प्रदेशले भोगेका समस्या/सवाल र चालेका समाधानका प्रयासहरु ........ ५६

३.२१ वन्यजन्तुबाट भएको क्षति वापत उपलब्ध गराएको राहतको विवरण ........ ५७

**सन्दर्भ सामग्री ........ ५८**

**अनुसूचीहरु ........ ५९**

अनुसूची १ः वन तथा वातावरण मन्त्रालय, मधेश प्रदेशको सांगठनिक संरचना ........ ५९

अनुसूची २ः प्रदेश वन निर्देशनालय, जनकपुरधामको सांगठनिक संरचना ........ ६०

अनुसूची ३ः वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, सर्लाहीको सांगठनिक संरचना ........ ६१

अनुसूची ४ः डिभिजन वन कार्यालय, (सप्तरी, सिराहा, धनुषा, महोत्तरी, सर्लाही र पर्सा) को सांगठनिक संरचना ........ ६२

अनुसूची ५ः डिभिजन वन कार्यालय, (रौतहट र बारा) को सांगठनिक संरचना ........ ६३

अनुसूची ६ः भू तथा जलाधार व्यवस्थापन कार्यालय, (सिराहा र रौतहट) को सांगठनिक संरचना ........ ६४

अनुसूची ७ः भू तथा जलाधार व्यवस्थापन कार्यालय, (महोत्तरी र पर्सा) को सांगठनिक संरचना ........ ६५

अनुसूची ८ः वन तथा वातावरण मन्त्रालय, मधेश प्रदेशको दरबन्दी तेरिज ........ ६६

अनुसूची ९ः प्रदेश वन निर्देशनालय, धनुषाको दरबन्दी तेरिज ........ ६७

अनुसूची १०ः डिभिजन वन कार्यालय, (सप्तरी, सिराहा, धनुषा, महोत्तरी, सर्लाही र पर्सा) को दरबन्दी तेरिज ........ ६७

अनुसूची ११: डिभिजन वन कार्यालय, (रौतहट र बारा) को दरबन्दी तेरिज.................... ६८
अनुसूची १२: भू तथा जलाधार व्यवस्थापन कार्यालय, (सिराहा र रौतहट) को दरबन्दी तेरिज६९
अनुसूची १३: भू तथा जलाधार व्यवस्थापन कार्यालय, (महोत्तरी र पर्सा) को दरबन्दी तेरिज. ७०
अनुसूची १४: वन तथा वातावरण मन्त्रालय, मधेश प्रदेशका हालसम्मका माननीय मन्त्रीज्यूहरु ..................................................................................... ७१
अनुसूची १५: वन तथा वातावरण मन्त्रालय, मधेश प्रदेशका हालसम्मका प्रदेश सचिवज्यूहरु. ७१
अनुसूची १६: वन तथा वातावरण मन्त्रालय, मधेश प्रदेशमा कार्यरत कर्मचारीहरुको विवरण. ७२
अनुसूची १७: मधेश प्रदेशमा रहेको वनको नक्शा.................................................७४
अनुसूची १८: मधेश प्रदेशमा रहेका वन क्षेत्रको विस्तृत विवरण................................ ७५
अनुसूची १९: मधेश प्रदेशमा वन क्षेत्र रहेको पालिकाहरुको संख्या.............................. ७७
अनुसूची २०: मधेश प्रदेशमा रहेका स्थानीय तहमा वन क्षेत्रको विवरण........................ ७७
अनुसूची २१: मधेश प्रदेशमा भएको वन अतिक्रमणको विवरण..................................८२
अनुसूची २२: वन तथा वातावरण मन्त्रालय, मधेश प्रदेश आ.व. २०८०/८१ मा स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन ....................................................................८२
अनुसूची २३: वन तथा वातावरण मन्त्रालय, मधेश प्रदेश र मातहतका निकायहरुले उपलब्ध गराएको वन्यजन्तुबाट भएको क्षतिको राहतको विवरण............................................८७
अनुसूची २४: फोटो.................................................................................. ९२

# खण्ड-१
# मधेश प्रदेशको परिचय

## १.१ भौगोलिक अवस्थिति

नेपालको मध्य-पूर्वी तराईका सप्तरीदेखि पर्सासम्मका आठवटा जिल्लाहरु मधेश प्रदेशमा पर्दछन्। नेपालको कुल क्षेत्रफलको ६.६% ओगटेको मधेश प्रदेशको क्षेत्रफल ९६६१ वर्ग किलोमिटर रहेको छ। समथर भू-भाग भएको मधेश प्रदेशको पूर्वमा कोशी प्रदेशको सुनसरी जिल्ला, पश्चिममा बागमती प्रदेशको चितवन जिल्ला, उत्तरमा बागमती प्रदेशको मकवानपुर र सिन्धुली जिल्ला तथा कोशी प्रदेशको उदयपुर जिल्ला र दक्षिणमा भारत पर्दछ। मधेश प्रदेशका जिल्लाहरुमध्ये क्षेत्रफलको हिसावले सबैभन्दा ठूलो जिल्ला सप्तरी हो भने सबैभन्दा सानो जिल्ला महोत्तरी हो। नापी विभागका अनुसार मधेश प्रदेश २६°२३'३८" उत्तरी अक्षांशदेखि २७°२८'१७" उत्तरी अक्षांशसम्म र ८४°२७'४" पूर्वी देशान्तरदेखि ८६°५४'३०" पूर्वी देशान्तरसम्म फैलिएको छ।




चित्र १ः मधेश प्रदेशको नक्शा (स्रोतः प्रदेश पार्श्वचित्र, २०७७)

## १.२ धरातलीय स्वरुप

मधेश प्रदेशको धरातलीय स्वरुपलाई मूलतः ४ भागमा वर्गीकरण गर्न सकिन्छ। मधेश प्रदेशको जिल्लागत धरातलीय स्वरुपको विवरण तालिका १ मा देखाईएको छ।

**क) चुरे पर्वतः** चुरे पर्वत हिमालय पर्वत श्रृङ्खलाको सबैभन्दा दक्षिणमा अवस्थित पर्वत श्रृङ्खला हो। प्रदेशको उत्तरी भेगको पूर्वदेखि पश्चिमसम्म फैलिएको यो पर्वत श्रृङ्खला भौगर्भिक इतिहासको पछिल्लो कालखण्डमा निर्मित पर्वत भएको हुँदा यसको बनोट निकै कमजोर रहेको छ। यो क्षेत्र मूलतः कंकड, पत्थर, बालुवा, अभ्रख र बलौटे ढुंगाबाट निर्मित भएको छ।

**ख) दुनः** दुन क्षेत्र चुरे पर्वतको उत्तरतर्फ रहेको भित्री मधेशको क्षेत्र हो। यस प्रदेशमा दुन क्षेत्र सप्तरी र पर्सा जिल्लामा मात्र छ। सप्तरी जिल्लामा रहेको कुल ३०७ हेक्टर दुन क्षेत्रमध्ये ४० हेक्टर जमिनमा कृषि र अन्य कार्य भैरहेको छ भने ८९ हेक्टर जमिनमा वन, झाडी र घाँसे मैदान रहेको छ र १७८ हेक्टर जमिन नदी बगर आदिले चर्चेको छ। त्यसैगरी, पर्सा जिल्लाको दुन क्षेत्रको ४८ हेक्टर जमिन वन, झाडी र घाँसे मैदान छ।

**ग) भावरः** तराई मधेशको समथर मैदानको उत्तरी भाग खासगरी चारकोशे झाडी देखि चुरे पर्वतको फेदसम्म चुरेसंगै पूर्वदेखि पश्चिमसम्म फैलिएको क्षेत्र नै भावर क्षेत्र हो। यस क्षेत्रमा उत्तरबाट बगेर आएका नदीहरुको ढाल तीव्ररुपमा परिवर्तन हुने हुँदा यहाँ उक्त नदीहरुबाट बगेर आएका चट्टान, बालुवा तथा माटो जम्मा हुने गर्दछ। यसै क्षेत्रमा नेपालको प्रसिद्ध चारकोसे झाडी रहेको छ।

**घ) तराई मधेशः** भावर क्षेत्रदेखि दक्षिणतर्फ भारतीय सीमानासम्म फैलिएको समथर र मलिलो भू-भाग तराई मधेश हो। अवस्थितिका दृष्टिकोणले यो क्षेत्र भारतीय उपमहाद्विपको गंगा मैदानको शीर भाग र हिमाल पर्वत श्रृङ्खलाको काखको रुपमा छ। समथर यो भू-भाग कृषिका लागि निकै उपयोगी छ। यस प्रदेशको सबैभन्दा बढी भौगोलिक क्षेत्र यही भू-भागले ओगटेको छ।

**तालिका १ः मधेश प्रदेशको धरातलीय स्वरुप**

| भौगोलिक क्षेत्र | चुरे पर्वत | नदीले बनाएको साँघुरो खोंच | दुन | भावर | तराई मधेश | जम्मा |
|---|---|---|---|---|---|---|
| नेपालको चुरे तराई मधेशको भौगोलिक भू-खण्ड (हे.) | १३,५२,४३३ | ८८,०८६ | ३,२८,०१८ | ५,८४,४९९ | १५,७२,१६८ | ३९,२५,२०४ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| प्रतिशत (%) | ३४.४६ | २.२४ | ८.३६ | १४.८९ | ४०.०५ | १०० |
| मधेश प्रदेश (हे.) | १,५२,३३९ | - | ३५५ | २,४५,८२९ | ५,६०,९४३ | ९,५९,४६७ |
| प्रतिशत (%) | १५.८८ | - | ०.०४ | २५.६२ | ५८.४६ | १०० |
| ससरी (हे.) | १७,२३१ | - | ३०७ | ४१,८५३ | ६८,९४२ | १,२८,३३३ |
| सिराहा (हे.) | १८,५९५ | - | - | १८,१६४ | ७७,२९४ | १,१४,०५२ |
| धनुषा (हे.) | ३०,३५३ | - | - | १६,११९ | ७२,४८७ | १,१८,९५८ |
| महोत्तरी (हे.) | १४,७३२ | - | - | २६,१०७ | ५९,२९० | १,००,१३० |
| सर्लाही (हे.) | १८,९६६ | - | - | २५,७०२ | ८१,७९१ | १,२६,४५९ |
| रौतहट (हे.) | ७,९१९ | - | - | २०,८७५ | ७४,८६१ | १,०३,६५३ |
| बारा (हे.) | १५,६९८ | - | - | ४०,०९४ | ७१,४५८ | १,२७,२५० |
| पर्सा (हे.) | २८,८४८ | - | ४८ | ५६,९१५ | ५४,८२० | १,४०,६३२ |

(स्रोतः मधेश प्रदेश पार्श्वचित्र, २०७७)

## १.३ स्थानीय तह

मधेश प्रदेशमा १ वटा महानगरपालिका (वीरगञ्ज महानगरपालिका), ३ वटा उपमहानगरपालिका (कलैया, जीतपुर-सिमारा र जनकपुरधाम), ७३ वटा नगरपालिका र ५९ वटा गाँउपालिका गरी जम्मा १३६ वटा स्थानीय तह र १२७१ वटा वडाहरु रहेका छन्। नेपालको कुल स्थानीय तहमा मधेश प्रदेशको हिस्सा १८ प्रतिशत रहेको छ। सरकारको सबैभन्दा सानो एकाइको रुपमा रहेको नेपालका ६,७४३ वडाहरुमध्ये १,२७१ (१९%) वडाहरु मधेश प्रदेशमा रहेका छन्। मधेश प्रदेशमा रहेको स्थानीय तह र वडाहरुको विवरण तालिका २ मा देखाईएको छ।

तालिका २: मधेश प्रदेशको स्थानीय तह र वडाहरुको विवरण

| जिल्ला | स्थानीय तहको संख्या | | | | जम्मा स्थानीय तहको संख्या | जम्मा वडाको संख्या |
|---|---|---|---|---|---|---|
| | गा.पा. | न.पा. | उ.म.न.पा. | म.न.पा | | |
| नेपाल | ४६० | २७६ | ११ | ६ | ७५३ | ६७४३ |
| प्रदेश | ५९ | ७३ | ३ | १ | १३६ | १२७१ |
| प्रदेशको हिस्सा (%) | १२.८ | २६.४ | २७.३ | १६.७ | १८.१ | १८.८ |
| सप्तरी | ९ | ९ | - | - | १८ | १६४ |
| सिराहा | ९ | ८ | - | - | १७ | १६४ |
| धनुषा | ६ | ११ | १ | - | १८ | १६९ |
| महोत्तरी | ५ | १० | - | - | १५ | १३८ |
| सर्लाही | ९ | ११ | - | - | २० | २०० |
| रौतहट | २ | १६ | - | - | १८ | १५७ |
| बारा | ९ | ५ | २ | - | १६ | १६७ |
| पर्सा | १० | ३ | - | १ | १४ | ११२ |

(स्रोत: मधेश प्रदेश पार्श्वचित्र, २०७७)

## १.४ हावापानी

मधेश प्रदेशको हावापानीलाई धरातलीय उचाई र बंगालको खाडीबाट आउने हावाले प्रभाव पार्दछ। अधिकांश भूभाग समथर रहेको मधेश प्रदेशमा उष्ण मनसुनी हावापानी पाइन्छ। सामान्यत: गर्मी मौसममा मधेश प्रदेशको तापक्रम ३८ डिग्री सेल्सीयसदेखि ४९ डिग्री सेल्सीयससम्म र जाडो समयमा १० डिग्री सेल्सीयसदेखि ५ डिग्री सेल्सीयससम्म रहन्छ। मधेश प्रदेशमा वार्षिक औसत वर्षा ११०० देखि २१०० मिलिमीटरसम्म वर्षा हुने गर्दछ। (स्रोत: मधेश प्रदेश पार्श्वचित्र, २०७७)

## १.५ नदी/खोलाहरु

मधेश प्रदेशको सबैभन्दा ठूलो नदी सप्तकोशी नदी हो। यो नदी मधेश प्रदेशको पूर्वी सिमानाको रुपमा रहेको छ। यस नदीको लम्बाई लगभग ४२ किलोमिटर रहेको छ। यस नदीबाट सप्तरी जिल्लामा सिंचाईको लागि नहर पनि निकालिएको छ। मधेश प्रदेशको कोशी नदीपछिको सबैभन्दा ठूलो नदी बागमती हो। यो नदी सर्लाही र रौतहट जिल्लाको सीमानामा पर्दछ। बागमती नदीको पानीबाट

बागमती सिंचाई आयोजना सञ्चालन भई रौतहट र सर्लाही जिल्लाको लगभग ५० हजार हेक्टर जमिनमा सिंचाईको सुबिधा उपलब्ध भएको छ। कमला नदी एक अर्को महत्वपूर्ण नदी हो। महाभारत पहाडको दक्षिणबाट उत्पत्ति भई निस्केको ध्वाङ खोलासँग मिसिएको यो नदी चुरे पहाडको बीचबाट मधेश प्रदेशमा प्रवेश गरेको छ। घुर्मी र बतहा खोलालाई सहायक बनाएको यो नदी सिराहा र धनुषाको सिमाना हुँदै दक्षिण भारततर्फ प्रवेश गरेको छ। त्यसैगरी, लखनदेई नदी पनि एक अर्को महत्वपूर्ण नदी हो। यो नदी सर्लाही जिल्लाभित्र रहेको सबैभन्दा ठूलो नदी हो। यो नदी सर्लाहीको उत्तर पूर्वी कुनाको चुरेक्षेत्रबाट शुरु भई दक्षिण पश्चिम हुँदै भारतमा पसेको छ। दुधमती नदी पौराणिक कथासँग जोडिएको एक पवित्र नदी हो। जनकपुरधाममा अवस्थित राम मन्दिरदेखि लगभग ३.५ किलोमिटर पश्चिममा यो नदी पर्दछ। चुरे पर्वतबाट उत्पत्ति भएको हर्दिनाथ नदी दक्षिणतर्फ बग्दै जाँदा भावर खण्ड पार गरिसकेपछि जगदर नदीमा मिसिन्छ। यहाँदेखि यो नदी हर्दिनाथ नदीले चिनिन्छ। यस बाहेक मधेश प्रदेशमा अन्य धेरै नदी/खोलाहरु रहेका छन्। (स्रोतः मधेश प्रदेश पार्श्वचित्र, २०७७)

## १.६ मौलिक संस्कृति, परम्परा तथा रीतिरिवाज

मधेश प्रदेशमा विभिन्न समुदायहरुको आफ्नै मौलिक संस्कृति, परम्परा र रीतिरिवाज छन्। त्यसमा पनि मधेशी समुदायको बाहुल्यता रहेको मधेश प्रदेशमा प्रमुख चाडपर्वमा मुख्यतः छठ, दशैं, तिहार, रामनवमी, जनैपूर्णिमा, माघे सङ्क्रान्ति, चैते दशैं आदि पर्दछन्। मधेश प्रदेशमा थर तथा गोत्रका आधारमा विभिन्न संस्कार जस्तै जन्म, पास्नी, चूडाकर्म, विवाह तथा मृत्यु संस्कारहरु प्रचलनमा रहेका छन्। हिन्दू धर्मको बाहुल्यता भएको कारणले मधेश प्रदेशमा मठमन्दिरको संख्या अन्य धार्मिक सम्प्रदायको तुलनामा अधिक पाइन्छ भने धार्मिक स्थलहरु पनि यसै धर्मसंग सम्बन्धित अधिक छन्। शहरी क्षेत्रमा सबै प्रकारका धर्म मान्ने मानिसहरुको बसोबास भएको कारणले मठ-मन्दिर, गुम्बा, मस्जिद तथा चर्चहरु मिसिएर रहेका छन्। (स्रोतः मधेश प्रदेश पार्श्वचित्र, २०७७)

## १.७ धार्मिक, ऐतिहासिक र पर्यटकीय स्थानहरु

मधेश प्रदेशमा धार्मिक, ऐतिहासिक र पर्यटकीय हिसाबले धेरै महत्वपूर्ण स्थानहरु रहेका छन्। ती मध्ये धनुषा जिल्लाको जनकपुरधाममा रहेको जानकी मन्दिर, दुलहा-दुलही मन्दिर, मणिमण्डप, धनुषाधाम, जनकपुर रेल्वे र गंगा सागर; महोत्तरी जिल्लाको जलेश्वरमा रहेको जलेश्वरनाथ मन्दिर, मटिहानीमा रहेको लक्ष्मीनारायण मन्दिर, बर्दिबासमा रहेको पंचधुरा माईस्थान, रौजा बजारमा रहेको मुस्लिमहरुको रौजा मजार र टुटेश्वरमा रहेको टुटेश्वरनाथ मन्दिर; सिराहा जिल्लाको बन्दीपुरमा रहेको बाबा ताल, महसोठामा रहेको राजा सलहेश स्थान, ढोढनामा रहेको राजदेवी पञ्चवती मन्दिर र लहानमा

रहेको सलहेश फुलबारी, पकडिया गढ; पर्सा जिल्लाको पर्सा राष्ट्रिय निकुञ्ज, रामभौरी भाटामा रहेको दुग्धेश्वर महादेव मन्दिर, वीरगञ्जमा रहेको घडिअर्वा पोखरी, संकचार्य गेट, घण्टाघर, महुवनमा रहेको पारसनाथ मन्दिर; बारा जिल्लाको अमलेखगञ्जमा रहेको चुरियामाई मन्दिर, सिम्रौनगढमा रहेको कंकालिनी मन्दिर र रानीबास, गढीमाई मन्दिर; रौतहट जिल्लाको गौरमा रहेको बाराहवा ताल, नजरपुरमा रहेको निन्जाधाम, शिवनगरमा रहेको पशुपतिनाथ मन्दिर, बागमतीको नूनथर र चन्द्रनिगाहापुरको शहुद पार्क; सर्लाही जिल्लाको सलेमपुरमा रहेको चमेलीमाई मन्दिर, बागमतीमा रहेको हरिहर क्षेत्र, चन्द्रनगरमा रहेको नाधी ताल, लालबन्दीमा रहेको राधाकृष्ण मन्दिर र सागरनाथमा रहेको सागरनाथ जङ्गल सहित वन क्षेत्र; सप्तरी जिल्लाको छिन्नमस्ता सखडा भगवती मन्दिर, भारदहमा रहेको कंकालिनी मन्दिर र कोशी टप्पु, तिरहुत गाउँपालिकामा रहेको लोहजरा ताल, राजविराजमा रहेको राजदेवी मन्दिरहरु हुन। (स्रोतः मधेश प्रदेश पार्श्वचित्र, २०७७)

## १.८ अर्थतन्त्र

मधेश प्रदेशको आर्थिक सर्वेक्षण २०८०/८१ अनुसार आ.व. २०८०/८१ मा मधेश प्रदेशको कुल ग्राहस्थ उत्पादन (प्रचलित मूल्य) मा रु ७ खर्ब ४८ अर्ब रहेको छ। आ.व. २०८०/८१ मा मधेश प्रदेशले नेपालको कुल गार्हस्थ्य उत्पादन (प्रचलित मूल्य) मा १३.१२ प्रतिशतले योगदान गरेको छ। त्यसैगरी आ.व. २०८०/८१ मा मधेश प्रदेशको कुल गार्हस्थ्य उत्पादन वृद्धि दर (उत्पादक मूल्यमा) ३.७८ प्रतिशत रहेको छ। मधेश प्रदेशको कुल गार्हस्थ्य उत्पादन (प्रचलित मूल्य) को क्षेत्रगत संरचना आ.व. २०८०/८१ मा प्राथमिक क्षेत्र, द्वितीय क्षेत्र र तृतीय क्षेत्रको योगदान क्रमशः ३५.३४ प्रतिशत, १०.७३ प्रतिशत र ५३.९४ प्रतिशत रहेको छ। मधेश प्रदेशको आ.व. २०८०/८१ मा प्राथमिक क्षेत्र, द्वितीय क्षेत्र र सेवा क्षेत्रको वृद्विदर क्रमशः ५.४७ प्रतिशत, -०.१४ प्रतिशत र ६.९७ प्रतिशत रहेको छ। आ.व. २०८०/८१ मा मधेश प्रदेशको प्रतिव्यक्ति सरदर आय ८९२ अमेरिकी डलर रहेको छ। मधेश प्रदेशको आ.व. २०८०/८१ को कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्र (कृषि, वन तथा मत्स्यपालन) को योगदान सबैभन्दा बढी ३५.१९ प्रतिशत रहेको छ भने यस क्षेत्रको कुल मुल्य अभिवृद्धि दर ३.८० प्रतिशत रहेको छ।

## १.९ बैंक तथा वित्तीय संस्था

मधेश प्रदेशको आर्थिक सर्वेक्षण २०८०/८१ अनुसार २०८० फागुन मसान्तसम्म मधेश प्रदेशमा बैंक तथा वित्तीय संस्थाहरुका १७७८ शाखाहरु रहेका छन्। मधेश प्रदेशको बैंक तथा वित्तीय संस्थाहरुमा सबैभन्दा धेरै अनुपात लघुवित्त संस्थाको रहेको छ भने दोस्रोमा वाणिज्य बैंकको रहेको

छ। समग्रमा मुलुकमा सञ्चालनमा रहेका बैंक तथा वित्तीय संस्थाको कुल शाखा मध्ये मधेश प्रदेशमा १५.३० प्रतिशत शाखाहरु रहेका छन्। प्रदेशको जनसंख्यासंग तुलना गरी विश्लेषण गर्दा समीक्षा अवधिसम्म प्रति शाखा औसतमा ३,४३९ व्यक्तिहरुमा वित्तीय सेवाको पहुँच पुगेको छ। २०८० फागुन मसान्तसम्म मधेश प्रदेशभित्रका जिल्लाहरु मध्ये क, ख र ग वर्गका बैंक तथा वित्तीय संस्थाका शाखा धनुषा जिल्लामा सबै भन्दा बढी १०७ वटा र सबै भन्दा कम सर्लाही जिल्लामा ६५ वटा सञ्चालनमा रहेका छन्। २०८० फागुन मसान्तसम्म मधेश प्रदेशमा जीवन बिमातर्फ २२६, निर्जीवन बीमातर्फ १२९ र लघुबीमक १० गरी जम्मा ३६५ बीमक कार्यालयहरु सञ्चालनमा रहेका छन्। २०८० फागुन मसान्तसम्म मधेश प्रदेशमा धितो पत्र दलाल व्यवसायी र मर्चेन्ट बैंकरको संख्या क्रमशः १२ र १ रहेको छ। मधेश प्रदेशमा रहेका बैंक तथा वित्तीय संस्थाका शाखाहरुको विवरण तालिका ३ मा देखाईएको छ।

**तालिका ३ः मधेश प्रदेशको बैंक तथा वित्तीय संस्थाका शाखाहरुको विवरण**

| आ.व. | वाणिज्य बैंक | विकास बैंक | वित्त कम्पनी | लघुवित्त | जम्मा | जनसंख्या (प्रति शाखा) |
|---|---|---|---|---|---|---|
| २०८०/८१ फगुन मसान्तसम्म | ५८४ | ८४ | ५१ | १०५९ | १७७८ | ३४३९ |

(स्रोतः मधेश प्रदेश आर्थिक सर्वेक्षण, २०८०/८१)

## १.१० जनसंख्याको विवरण

राष्ट्रिय जनगणना २०७८ अनुसार मधेश प्रधेशको जनसंख्या ६१,१४,६०० रहेको छ जसमध्ये पुरुषको संख्या ३०,६५,७५१ (५०.१४ प्रतिशत) र महिलाको संख्या ३०,४८,८४९ (४९.८६ प्रतिशत) रहेको छ। देशको कुल जनसंख्यामध्ये मधेश प्रदेशको जनसंख्या करिब २१ प्रतिशत रहेको छ। त्यसैगरी, मधेश प्रदेशको वार्षिक औषत जनसंख्या वृद्धिदर १.१९ प्रतिशत रहेको छ। मधेश प्रदेशको जनघनत्व ६३३ जना प्रति वर्ग किलोमिटर रहेको छ। मधेश प्रदेशको लैङ्गिक अनुपात (Sex Ratio) अर्थात प्रति १०० जना महिलामा पुरुषको संख्या १००.५५ रहेको छ। मधेश प्रदेशको परिवार संख्या (Number of Households) ११,५६,७१५ रहेको छ जसमध्ये व्यक्तिगत परिवार ११,५६,३८३ र संस्थागत परिवार ३३२ रहेको छ। मधेश प्रदेशमा प्रति परिवार अक्सर बसोबास गर्ने सदस्य औसतमा (Average Household Size) ५.२९ जना रहेको छ। मधेश प्रदेशको नगरपालिकाहरुको जनसंख्या

७३.०० प्रतिशत रहेको छ भने गाउँपालिकाहरुको जनसंख्या २७.०० प्रतिशत रहेको छ। मधेश प्रदेश र अवस्थित जिल्लाहरुको जनसंख्याको विवरण तालिका ४ मा देखाईएको छ।

**तालिका ४ः मधेश प्रदेश र अवस्थित जिल्लाहरुको जनसंख्याको विवरण**

| क्षेत्र | जनसंख्या | | | जन घनत्व | लैङ्गिक अनुपात | परिवारको औसत आकार |
|---|---|---|---|---|---|---|
| | जम्मा | पुरुष | महिला | | | |
| नेपाल | २९१६४५७८ | १४२५३५५१ | १४९११०२७ | १९८ | ९५.५९ | ४.३७ |
| मधेश प्रदेश | ६११४६०० | ३०६५७५१ | ३०४८८४९ | ६३३ | १००.५५ | ५.२९ |
| सप्तरी | ७०६२५५ | ३५१३६८ | ३५४८८७ | ५१८ | ९९.०१ | ४.८१ |
| सिराहा | ७३९९५३ | ३६३७२४ | ३७६२२९ | ६२३ | ९६.६८ | ४.९८ |
| धनुषा | ८६७७४७ | ४२९८९३ | ४३७८५४ | ७३५ | ९८.१८ | ४.९० |
| महोत्तरी | ७०६९९४ | ३४९१५९ | ३५७८३५ | ७०६ | ९७.५८ | ५.१३ |
| सर्लाही | ८६२४७० | ४३५१३१ | ४२७३३९ | ६८५ | १०१.८२ | ५.२३ |
| रौतहट | ८१३५७३ | ४०८४०३ | ४०५१७० | ७२३ | १००.८० | ५.९४ |
| बारा | ७६३१३७ | ३८९७८७ | ३७३३५० | ६४१ | १०४.४० | ५.८१ |
| पर्सा | ६५४४७१ | ३३८२८६ | ३१६१८५ | ४८४ | १०६.९९ | ५.७९ |

(स्रोतः राष्ट्रिय जनगणना, २०७८)

## १.११ प्रमुख जातजाति

मधेश प्रदेशमा पहिचान नखुलेकासहित ११९ जातजातिको उपस्थिति रहेको छ। जातिगत हिसाबले मधेश प्रदेशमा यादवहरुको संख्या बढी रहेको छ। मधेश प्रदेशको कुल जनसंख्या ६११४६०० मध्ये सबैभन्दा बढी जनसंख्या भएको जात यादव (९२६५०८) हो भने त्यसपछि क्रमशः मुसलमान,तेली, थारु र कोइरी/कुश्वाहा आदि हो। मधेश प्रदेशमा रहेको प्रमुख जातजाति र जनसंख्याको विवरण तालिका ५ मा देखाईएको छ।

तालिका ५: मधेश प्रदेशको प्रमुख जातजाति र जनसंख्याको विवरण

| क्र.सं. | मधेश प्रदेशको प्रमुख ५ जातजाति | जनसंख्या | प्रतिशत(%) |
|---|---|---|---|
| १ | यादव | ९२६५०८ | १५.१५ |
| २ | मुसलमान | ७९२७७६ | १२.९६ |
| ३ | तेली | ३२४७०५ | ५.३१ |
| ४ | थारु | ३०१०३८ | ४.९२ |
| ५ | कोइरी/कुश्वाहा | २७६१५५ | ४.५१ |

(स्रोत: राष्ट्रिय जनगणना, २०७८)

## १.१२ प्रमुख भाषाभाषी

मधेश प्रदेशमा पहिचान नखुलेका र अन्य भाषासहित कुल ६२ भाषाभाषी बोल्ने मानिसहरु रहेका छन्। मधेश प्रदेशमा सबैभन्दा बढी बोलिने भाषा मैथली हो भने त्यसपछि बढी बोलिने भाषामा क्रमशः भोजपुरी, वज्जिका, नेपाली, थारू आदि हो। मधेश प्रदेशमा रहेको प्रमुख भाषा र जनसंख्याको विवरण तालिका ६ मा देखाईएको छ।

तालिका ६: मधेश प्रदेशको प्रमुख भाषा र जनसंख्याको विवरण

| क्र.सं. | मधेश प्रदेशको प्रमुख ५ भाषा | जनसंख्या | प्रतिशत(%) |
|---|---|---|---|
| १ | मैथली | २५५१९१७ | ४१.७३ |
| २ | भोजपरी | ११४९९६२ | १८.८० |
| ३ | वज्जिका | ११२७२५५ | १८.४३ |
| ४ | नेपाली | ३५२१०९ | ५.७५ |
| ५ | थारु | २५४६८५ | ४.१६ |

(स्रोत: राष्ट्रिय जनगणना, २०७८)

## १.१३ शिक्षा

मधेश प्रदेशको आर्थिक सर्वेक्षण २०८०/८१ अनुसार शैक्षिक सत्र २०८० मा देशभरमा ३५ हजार ८ सय ७६ विद्यालयमध्ये मधेश प्रदेशमा १३.३९ प्रतिशत अर्थात ४ हजार ८ सय ६ विद्यालय रहेका छन्। सामुदायिक विद्यालयमा कार्यरत स्थायी, अस्थायी र राहत शिक्षक समेत गरी कुल १ लाख ५३ हजार २ सय ७५ शिक्षक मध्ये मधेश प्रदेशमा ११.९६ प्रतिशत कार्यरत रहेका छन्। शैक्षिक सत्र २०८० मा कक्षा १ देखि १२ सम्मका कुल विद्यार्थीहरु ७१ लाख ४३ हजार ३ सय मध्ये मधेश प्रदेशमा १५ लाख ६८ हजार ५ सय (२१.९६ प्रतिशत) विद्यार्थीहरु रहेका छन्। शैक्षिक सत्र २०८० मा मधेश प्रदेशमा भर्ना भएकोमा छात्र र छात्राको अनुपात ५१ प्रतिशत र ४९ प्रतिशत रहेको छ। शैक्षिक सत्र २०८० मा मधेश प्रदेशका कुल विद्यार्थीहरु मध्ये ७९.९% सामुदायिक विद्यालयमा र २०.१% संस्थागत विद्यालयमा अध्ययनरत रहेका छन्। नेपालमा सबैभन्दा बढी विद्यार्थी संख्या रहेको १५ सामुदायिक विद्यालयहरुमध्ये ३ सामुदायिक विद्यालयहरु क्रमशः जनता नमूना मा.वि., धनुषा (५७८९ जना), त्रिजुद्ध महावी रघुवीर राम मा. वि., पर्सा (४४१६ जना) र सङ्कटमोचन देवशरण रामरति मा. वि., धनुषा (३५८४ जना) मधेश प्रदेशमा अवस्थित रहेका छन् । मधेश प्रदेशमा १२३ वटा क्याम्पसहरु रहेका छन् जसमध्ये आंगिक क्याम्पस ९, सामुदायिक ४१ र निजि ७३ वटा रहेका छन्। मधेश प्रदेशमा सबैभन्दा धेरै व्यवस्थापन र शिक्षा संकायमा पढाइ हुने क्याम्पसहरु रहेका छन्।

## १.१४ गरिबी निवारण, रोजगारी र सामाजिक सुरक्षा

नेपाल जीवनस्तर सर्वेक्षण चौथो (२०७९/८०) अनुसार मधेश प्रदेशमा गरिबीको दर २२.५३ प्रतिशत रहेको छ। त्यसैगरी मधेश प्रदेशको गरिबीको विषमता ४.६२ प्रतिशत र गरिबीको गहनता १.३६ प्रतिशत रहेको छ। नेपाल जीवनस्तर सर्वेक्षण चौथो (२०७९/८०) अनुसार मधेश प्रदेश ग्रामीण क्षेत्रमा २४.९६ प्रतिशत गरिबी दर रहेको छ भने मधेश प्रदेशको शहरी क्षेत्रमा २१.७१ प्रतिशत गरिबी दर रहेको छ। गरिबीमा रहेको नेपालको जनसंख्या मध्ये १६.८४ प्रतिशत मधेश प्रदेशको शहरी क्षेत्रमा र ५.७४ प्रतिशत मधेश प्रदेशको ग्रामीण क्षेत्रमा रहेको पाइएको छ। मधेश प्रदेशमा वैदेशिक रोजगारप्रति धेरै आकर्षण देखिन्छ। मधेश प्रदेश नेपालको सबैभन्दा धेरै श्रम स्वीकृति लिने जनसंख्या भएको प्रदेश हो। मधेश प्रदेशको आर्थिक सर्वेक्षण २०८०/८१ अनुसार आ.व. २०७९/८० मा १ लाख ०४ हजार ६ सय जनाले नयाँ श्रम स्वीकृति लिएका थिए। मधेश प्रदेशमा २०८० फागुनसम्म ७ सय ०१ रोजगारदाता प्रतिष्ठानका २२ हजार ६ सय ३५ श्रमिक योगदानकर्ता सामाजिक

सुरक्षामा सुचीकृत भएका छन्। आ.व. २०८०/८१ को समीक्षा अवधिसम्ममा ६६ रोजगारदाता प्रतिष्ठान र २ हजार १ सय ८६ श्रमिक योगदानकर्ताहरु कोषमा आवद्ध भएका छन्। मधेश प्रदेशको आर्थिक सर्वेक्षण २०८०/८१ अनुसार मधेश प्रदेशमा प्रधानमन्त्री रोजगार कार्यक्रमबाट आ.व. २०७९/८० मा १ हजार ४ सय ४९ आयोजनाहरु कार्यान्वयनबाट १२ हजार ७ सय १० जनाले रोजगारी प्राप्त गरेको देखिन्छ।

## १.१५ स्वास्थ्य सेवा

मधेश प्रदेशको आर्थिक सर्वेक्षण २०८०/८१ अनुसार २०८० फागुनसम्म मधेश प्रदेशका विभिन्न व्यक्तिले अन्तरङ्ग, बहिरङ्ग र आकस्मिक सेवा गरी जम्मा ५० लाख २८ हजार पटक स्वास्थ्य सेवा लिएका छन्। राष्ट्रिय जनगणना, २०७८ अनुसार मधेश प्रदेशमा कुल प्रजनन दर २.७ र ५ वर्षमुनिका बालबालिकाको मृत्युदर ४३ रहेको छ। मधेश प्रदेशमा पूर्ण रुपमा खोप लगाउने बालबालिका ९२ प्रतिशत रहेका छन्। स्वास्थ्य निर्देशनालयको वार्षिक प्रतिवेदन अनुसार आ.व. २०७९/८० सम्म मधेश प्रदेशमा १३ वटा सरकारी अस्पताल, ३२ वटा प्राथमिक स्वास्थ्य केन्द्र, ७४० वटा स्वास्थ्य चौकी, ४० वटा शहरी स्वास्थ्य केन्द्र, २१ वटा सामुदायिक स्वास्थ्य इकाई, १५६ वटा बर्थिङ्ग सेन्टर र २१३ वटा निजी स्वास्थ्य संस्थाहरु विभिन्न जिल्लाहरुमा सञ्चालनमा रहेका छन्। स्वास्थ्य निर्देशनालय, सपहीको वार्षिक स्वास्थ्य प्रतिवेदन अनुसार आर्थिक वर्ष २०७९/८० मा मधेश प्रदेशमा Maternal and Perinatal Death को जम्मा संख्या १११ रहेको छ। त्यसैगरी आर्थिक वर्ष २०७९/०८० मा मधेश प्रदेशमा स्वास्थ्य संस्था सुरक्षित गर्भपतन सेवा लिने ८२०३ जना रहेका छन्।

## १.१६ भौतिक पूर्वाधार, यातायात र सञ्चार

मधेश प्रदेशको आर्थिक सर्वेक्षण २०८०/८१ अनुसार २०८० फागुनसम्म मधेश प्रदेशका सबै स्थानीय तहको केन्द्रसम्म सडक पहुँच विस्तार भएको छ भने २५ वटा स्थानीय तहको १३९ कि.मी. सडक केन्द्रसम्म पुगेको भए पनि पक्की हुन बाँकी रहेको छ। आ.व. २०७९/८० सम्म मधेश प्रदेशमा संघीय राजमार्ग १०२४ कि.मी. समेत गरी ६६४६ कि.मी. सडक छ। जसमध्ये संघीय समेत गरी १२९८ कि.मी. पक्की, ग्राभेल २९०४ कि.मी. र कच्ची २४४३ कि.मी. रहेको छ। मधेश प्रदेशमा प्रादेशिक सडक ३३९४ कि.मी. र प्रदेशिक लोकमार्ग २२३८ कि.मी. रहेको छ। मधेश प्रदेशमा आ.व. २०७९/८० मा सवारी साधनहरु मध्ये मोटरसाइकलको नयाँ दर्ता संख्यामा ८५ प्रतिशत र अन्य यातायात साधनको नयाँ दर्ता संख्यामा १५ प्रतिशत रहेको छ। मधेश प्रदेशको आर्थिक सर्वेक्षण

२०८०/८१ अनुसार मधेश प्रदेशमा १४३ वटा दैनिक, ५०५ सप्ताहिक, ४५ पाक्षिक, १९ मासिक प्रकाशन दर्ता छन्। त्यसैगरी मधेश प्रदेशमा अवस्थित कुल परिवार संख्यामा ७४.७८ प्रतिशत परिवारले मोबाइल र ६६.८५ प्रतिशत परिवारले स्मार्ट मोबाइलको प्रयोग गर्ने गरेका छन्। मधेश प्रदेशमा अवस्थित जम्मा घर परिवारमा रेडियो, टेलिभिजन, ल्याण्डलाइन, फोन, कम्प्युटर र इन्टरनेट प्रयोग गर्ने परिवार संख्या क्रमशः २२.१८ प्रतिशत, ४३.६२ प्रतिशत, १.६४ प्रतिशत, ७४.७८ प्रतिशत, ७.८५ प्रतिशत र २१.४५ प्रतिशत रहेको छ।

## १.१७ ऊर्जा, सिँचाई र खानेपानी

मधेश प्रदेशको आर्थिक सर्वेक्षण २०८०/८१ अनुसार मधेश प्रदेशको सम्पूर्ण क्षेत्र समथर भूमि मात्र भएकोले मधेश प्रदेशमा जलविद्युत उत्पादन न्युन रहेको छ। आ.व. २०७७/७८ मा जलविद्युत उत्पादन सुरु भएर २०८०/८१ फागुनसम्म जम्मा २५ मेगावाट मात्र पुगेको छ। पेट्रोलियम पदार्थको भण्डारण क्षमताको हिसाबले प्रदेशगत रूपमा मधेश प्रदेशमा सबैभन्दा बढी भण्डारण क्षमता २४ हजार ४ सय किलो लिटर (देशभरको कुल क्षमताको ३०.५० प्रतिशत) रहेको देखिन्छ। मधेश प्रदेशमा मुख्यरुपमा खाना पकाउनका लागि काठ/दाउरा, एल.पी. ग्याँस र गुइठा/गोरहा प्रयोगमा रहेका छन्। राष्ट्रिय जनगणना, २०७८ अनुसार मधेश प्रदेशमा रहेको कुल परिवार संख्या मध्ये सबैभन्दा धेरै ६ लाख ७७ हजार ७ सय ३२ परिवारले काठ/दाउरा र सबैभन्दा कम ३ सय ३ परिवारले मट्टितेल इन्धनको रुपमा प्रयोग गर्ने गरेको छ। त्ससैगरी मधेश प्रदेशमा बत्ती बाल्नका लागि मुख्यरुपमा बिजुलीको प्रयोग हुने गरेको छ। मधेश प्रदेशमा अवस्थित कुल परिवार मध्ये ९८ प्रतिशत परिवारले बत्ती बाल्न बिजुली प्रयोग गर्ने गरेका छन्। मधेश प्रदेशको आर्थिक सर्वेक्षण २०८०/८१ अनुसार आ.व. २०७९/८० सम्म २६३८४९ हेक्टर क्षेत्रमा सिँचाई सुविधा उपलब्ध रहेको छ। आर्थिक वर्ष २०७९/८० सम्म मधेश प्रदेशमा कुल कृषि क्षेत्रको अनुपातमा सिँचाई क्षेत्र ५१.०९ प्रतिशत देखिन्छ भने मधेश प्रदेशको कुल सिँचाई योग्य क्षेत्रको अनुपातमा सिँचाई क्षेत्र ८५.३६ प्रतिशत देखिन्छ। मधेश प्रदेशमा खानेपानीको मुख्य स्रोतको रुपमा ट्युबवेल र पाइप प्रणालीलाई प्रयोग गरेको पाइन्छ। मधेश प्रदेशको आर्थिक सर्वेक्षण २०८०/८१ अनुसार मधेश प्रदेशमा खानेपानीका लागि ट्युबवेल/हातेपम्पको प्रयोग गर्ने परिवारको संख्या ८ लाख ३० हजार २ सय १९ रहेको छ भने खाने पानीका लागि नदी/खोलामा आश्रित परिवारको संख्या ७ सय २९ रहेको छ।

## १.१८ उद्योग र वाणिज्य

मधेश प्रदेशको आर्थिक सर्वेक्षण २०८०/८१ अनुसार मधेश प्रदेशमा आ.व. २०७९/८० मा नेपालमा दर्ता भएको कुल उद्योगको करिब ११% अर्थात् ३६ वटा नयाँ उद्योग थपिएका छन्। आ.व. २०७९/८० मा उद्योगबाट ६ हजार ३ सय २ जनालाई रोजगारको अवसर सृजना भएको देखिन्छ। मधेश प्रदेशमा २०८० फागुनसम्म २२,००१ वटा कम्पनीहरु दर्ता भएका छन्। त्यसैगरी आ.व. २०७९/८० मा देशभर कुल ३७,१४२ लघु, घरेलु तथा साना उद्योगहरु दर्ता भएको मध्ये ७,१५२ अर्थात् १९.३३ प्रतिशत नयाँ उद्योग मधेश प्रदेशमा दर्ता भएका थिए। आ.व. २०७९/८० मा मधेश प्रदेशमा दर्ता भएका लघु, घरेलु तथा साना उद्योगमा रु. २० अर्व २१ करोड लगानी स्वीकृत भएको र ३२ हजार ४ सय ८४ रोजगारीको अवसर सृजना भएको देखिन्छ। २०८० फागुन मसान्तसम्म नेपालमा रहेको जम्मा १८२ तारे होटेलहरु मध्ये मधेश प्रदेशमा कुल ११ वटा तारे होटेलहरु रहेका छन्। मधेश प्रदेशमा एक तारे, दुई तारे, तीन तारे, चार तारे र पाँच तारे होटलको संख्या क्रमशः २, ४, २, २ र १ वटा रहेको छ। सिमरा वशेष आर्थिक क्षेत्रमा २०८० फागुनसम्म करिब रु. ५ अर्व ५९ करोडको लगानीमा २७ उद्योग सञ्चालनमा रही ४,३७४ व्यक्तिले रोजगारी प्राप्त गरेका छन्।

## १.१९ वन

मधेश प्रदेशको आर्थिक सर्वेक्षण २०८०/८१ अनुसार नेपालको कुल वन क्षेत्रमध्ये मधेश प्रदेशमा सबैभन्दा कम ३.९ प्रतिशत अर्थात २ लाख ३७ हजार ६ सय ३६ हेक्टर वन क्षेत्र रहेको छ। मधेश प्रदेशमा कुल क्षेत्रफलको २४.७८ प्रतिशत वन क्षेत्र रहेको छ। मधेश प्रदेशमा रहेका वन क्षेत्रको नक्शा र विस्तृत विवरण क्रमशः अनुसूची १७ र १८ मा देखाईएको छ। मधेश प्रदेशमा वन क्षेत्र रहेको पालिकाहरुको संख्या र स्थानीय तहमा वन क्षेत्रको विवरण क्रमशः अनुसूची १९ र २० मा देखाईएको छ। मधेश प्रदेशमा भएको वन अतिक्रमणको विवरण अनुसूची २१ मा देखाईएको छ।

# खण्ड-२

# वन तथा वातावरण मन्त्रालय, मधेश प्रदेशको विवरण

## २.१ पृष्ठभूमि

मधेश प्रदेशको उद्योग, पर्यटन, वन तथा वातावरण क्षेत्रको विकास गर्न आवश्यक ऐन, नियम र नीति तर्जुमा गर्दै उद्योग क्षेत्र अन्तर्गत औद्योगिक पूर्वाधारको निर्माण, मौजुदा पूर्वाधारको उपयोग, कच्चा पदार्थको प्रशोधन गरी निर्यात जन्य पदार्थको उत्पादन तथा निर्यात, रोजगारी सृजना, आन्तरिक तथा अन्तर प्रदेशिक र बाहा व्यपारको सहजीकरण, प्रवर्दन र नियमन गर्ने; पर्यटन क्षेत्र अन्तर्गत प्रदेशमा रहेका मुर्त तथा अमुर्त सांस्कृतिक, धार्मिक र प्राकृतिक सम्पदाहरुको संरक्षण, व्यवस्थापन तथा विकास गरी आर्थिक क्रियाकलापहरुमा वृद्धि तथा रोजगारी सृजना गर्दै समग्र प्रदेशको आर्थिक विकास र समुन्नतीमा टेवा पुऱ्याउने; वन तथा वातावरण क्षेत्र अन्तर्गत वन, वनस्पति, वन्यजन्तु, जैविक विविधता र जलाधार क्षेत्रको संरक्षण र व्यवस्थापन गरी वन पैदावारको आपूर्ति, वनजन्य स्रोतको दिगो उपयोग, वातावरणीय स्वच्छता कायम, खेतीयोग्य भूमिको संरक्षण, उत्पादकत्वमा वृद्धि तथा रोजगारी सृजना गर्दै समग्र प्रदेशको अर्थतन्त्रमा योगदान पुऱ्याउने लक्ष्यका साथ वि.सं. २०७४ फागुन ३ गते उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको स्थापना भएको थियो। आर्थिक वर्ष २०७७/७८ मा यस मन्त्रालयको नाम उद्योग, पर्यटन तथा वन मन्त्रालयमा र आर्थिक वर्ष २०७९/८० मा वन तथा वातावरण मन्त्रालयमा रुपानतरण गरिएको थियो। हाल यस मन्त्रालयले माथि उल्लेखित वन तथा वातावरण क्षेत्र अन्तर्गतका लक्ष्य हासिल गर्न वन तथा वातावरणको क्षेत्रमा मात्र काम गरी रहेको छ।

वन तथा वातावरण मन्त्रालय, मधेश प्रदेशको प्रमुख जिम्मेवारीमा वन, वातावरण तथा जलवायु परिवर्तनका क्षेत्रहरु छन्। वन अन्तर्गत मूलतः वन, वन्यजन्तु, वनस्पति, जैविक विविधता र जलाधारहरुको दिगो, समावेशी र सहभागितामूलक व्यवस्थापन र तिनीहरुबाट प्राप्त वस्तु र सेवाको न्यायोचित उपयोग गर्ने विषय पर्दछन्। वातावरण अन्तर्गत सरकार, समुदाय र निजीक्षेत्रको सहयोग र सहकार्यमा खासगरी प्रदूषण नियन्त्रण, फोहोरमैला व्यवस्थापन, हरियाली प्रवर्द्धन, वातावरणीय मापदण्डको निर्धारण र वातावरणीय प्रभावको नियमन विषयहरु पर्दछन्। जलवायु परुवर्तन अन्तर्गत मानव समाज र प्राकृतिक वातावरणमा जलवायु परिवर्तनले पारेका वा पार्न सक्ने प्रभावहरुबाट बच्न अनुकूलनका उपायहरुको खोजी र विस्तार गर्नु, जलवायु परिवर्तनको न्यूनीकरण हुने गरी स्रोतको व्यवस्थापन गर्नु र हरितगृह ग्याँसको उत्सरजनको नियमित मापन गर्नु जस्ता विषयहरु पर्दछन्। वन

तथा वातावरण मन्त्रालय, मधेश प्रदेशको आ.व. २०८०/८१ को वार्षिक प्रगति प्रतिवेदन पुस्तिका आ.व. २०८०/८१ मा यस मन्त्रालय र मातहतका डिभिजन वन कार्यालय, भू तथा जलाधार व्यवस्थापन कार्यालय र वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रबाट सञ्चालित कार्यक्रम र तिनबाट प्राप्त उपलब्धिको सेरोफेरोमा केन्द्रित छ।

वन नेपालको एक महत्वपूर्ण प्राकृति सम्पदा हो। देशको आर्थिक विकासको मेरुदण्डका रुपमा रहेका कृषि, पर्यटन, जलस्रोत, उद्योग आदिको आधारस्तम्भ पनि वन क्षेत्र नै हो। देशको आर्थिक, सामाजिक एवं वातावरणीय क्षेत्रको विकासमा वनको उल्लेखनीय योगदान रहेको छ। आर्थिक सर्वेक्षण २०८०/८१ अनुसार नेपालमा वन क्षेत्रले ६१ लाख ६६ हजार ७ सय ६६ हेक्टर र झाडीबुट्यान क्षेत्रले ५ लाख ३५ हजार १ सय ७९ हेक्टर भू-भाग ओगटेको छ, जसअनुसार कुल भू-भागको ४१.६९ प्रतिशत वन र ३.६२ प्रतिशत झाडी तथा बुट्यान क्षेत्र गरी कुल क्षेत्रफलको ४५.३१ प्रतिशत रहेको छ।

मधेश प्रदेशको आर्थिक सर्वेक्षण २०८०/८१ अनुसार नेपालको कुल वन क्षेत्रमध्ये मधेश प्रदेशमा सबैभन्दा कम ३.९ प्रतिशत अर्थात २ लाख ३७ हजार ६ सय ३६ हेक्टर वन क्षेत्र रहेको छ। मधेश प्रदेशको कुल क्षेत्रफलको २४.७८ प्रतिशत वन क्षेत्र रहेको छ। मधेश प्रदेशभित्र रहेका ५३३ वटा सामुदायिक वनले ७७,८४४.१३ हेक्टर, १७ वटा साझेदारी वनले ४६,१४३.८७ हेक्टर, ४९ वटा गरिब विपन्नका लागि कबुलियती वनले २३७.४० हेक्टर, १२ वटा धार्मिक वनले १३२.८३४ हेक्टर, १ वटा वन संरक्षण क्षेत्रले ३६० हेक्टर, १ वटा चक्ला वनले १०५२.९० हेक्टर, सरकारद्वारा व्यवस्थित वनले ४८९७४.३४० हेक्टर र १०२४ निजी वनले ६८०.७६५ हेक्टर वन ओगटेको छ। यो बाहेक सागरनाथ वन विकास परियोजनाको वनले १३१६६.१५ हेक्टर र राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु आरक्ष क्षेत्रले ८८५४२.९० हेक्टर वन क्षेत्र ओगटेको छ। मधेश प्रदेशका १३६ स्थानीय तहहरु मध्ये ८४ वटा स्थानीय तहहरुमा वन क्षेत्र रहेको छैन।

सामुदायिक वन, साझेदारी वन, कबुलियती वन, धार्मिक वन लगायत समुदायमा आधारित वन व्यवस्थापनको रुपमा मधेश प्रदेशको कुल वन क्षेत्रको अधिकाम्स वन क्षेत्र स्थानीय समुदायबाट संरक्षण तथा व्यवस्थापन हुँदै आएको छ। यी व्यवस्थापन पद्धतिको मूल लक्ष्य जनसहभागिताद्वारा वनको दिगो व्यवस्थापन गरी वनबाट प्राप्त हुने वन पैदावार वा वस्तु र सेवाको उत्पादन तथा उत्पादकत्व बढाउनु, ती वस्तु वा सेवाको प्रशोधनबाट मूल्यअभिवृद्धि गर्नु र त्यसबाट वन व्यवस्थापनमा संलग्न समुदायको समृद्धि र अर्थतन्त्रमा समेत योगदान पुऱ्याउने रहेको छ। यसरी वनको व्यवस्थापन

र उपयोग गर्दा जैविक विविधताको संरक्षण, निर्णय प्रक्रियामा महिलासहित स्थानीय समुदायको सहभागिता र लाभको न्यायोचित बाँडफाँडको सुनिश्चितताका लागि समेत एकीकृत प्रयास हुने गरेको छ।

नेपाल जैविक विविधताका दृष्टिले सम्पन्न मुलुक हो। हिमाली र उच्च पहाडी भेगमा पाइने बाहेक पारिस्थतिकीय प्रणाली तथा वनस्पति मधेश प्रदेशमा पनि पाइन्छन्। नेपालमा पाइने ६३५ प्रकारका पुतली वर्गमध्ये ३२५ प्रकार, १८५ प्रकारका माछामध्ये १५४ प्रकार, ४३ प्रकारका उभयचरमध्ये २२ प्रकार, १०० प्रकारका सरीसृपमध्ये ६८ प्रकार, ८४४ प्रकारका चरामध्ये ६४८ प्रकार तथा १८१ प्रकारका स्तनधारी जीवमध्ये ९१ प्रकारका स्तनधारी जीव यही प्रदेशमा पाइन्छन् (प्रदेश प्रोफाइल, २०७७)। उल्लिखितमध्ये ३२१ थरिका सङ्कटापन्न जीवहरु यस प्रदेशमा पाइन्छन्।

मधेश प्रदेशको पानीको मुख्य आधार चुरे पहाड हुँदै बहने नादि प्रणाली, भूमिगत रुपमा रहेको जलभण्डार, सिमसार क्षेत्र र पोखरीहरु हुन्। चुरे क्षेत्र पानी सञ्चय र सन्तुलन गर्ने महत्वपूर्ण जलभण्डार हो। यस क्षेत्रमा जम्मा १३४ ओटा सिमसार क्षेत्र रहेका छन्। यस प्रदेश भएर बग्ने सप्तकोशी र बागमती नदी बाहेक बाँकी सबै नदीहरुको उद्गमस्थल चुरे पहाड रहेका छन्। मधेश तथा चुरे क्षेत्रमा वन तथा जलाधार क्षेत्रको संरक्षण तथा व्यवस्थापन लगायतको एकीकृत विकास अवधारणा अनुसार संघीय सरकारको राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समिति एवम् चुरे उत्थानशील तथा समृद्धिका लागि वन कार्यक्रमहरु सञ्चालनमा रहेको छ। चुरे र भावर तथा तराई क्षेत्रको अन्योन्याश्रित सम्बन्धलाई मध्यनजर गरी तल्लो तटीय र माथिल्लो तटीय सम्बन्धको आधारमा संरक्षण र व्यवस्थापनका कार्यहरु भइरहेको छ।

प्रदेशमा रहेको वन क्षेत्रको सबै प्रकारका उत्पादनले यस प्रदेश लगायत नेपालका अन्य क्षेत्रका लागि समेत आवश्यक उर्जा, निर्माण सामाग्री, पशु आहार तथा वातावरणीय सेवा प्रदान गर्दै आएको छ। वन पैदावारको उपयोग हाल फर्निचर उद्योग तथा निर्माणमा बढी देखिएको छ। वनको क्षमता अनुसारको उत्पादन हुन नसक्दा स्वदेशी काठले राष्ट्रिय आवश्यकता नधानेको कारण काठ र काठजन्य फर्निचर निर्माण सामाग्रीको आयात बढेको छ। त्यसैगरी वन तथा जलाधार संरक्षणको माध्यमबाट कृषि योग्य भूमिको संरक्षण र उत्पादकत्वमा वृद्धि, पानीमुहान, वन्यजन्तु र जैविक विविधताको संरक्षण, जलवायु शुद्धिकरण जस्ता मानव स्वास्थ्य रक्षा एवं प्रकृति संरक्षण र वातावरणीय स्वच्छता कायम राख्ने कार्यमा ठुलो टेवा पुगेको छ।

## २.२ लक्ष्य, उद्देश्य तथा रणनीति

### २.२.१ लक्ष्य

वन तथा वातावरण मन्त्रालय, मधेश प्रदेशको लक्ष्य "दिगो वन व्यवस्थापन, जैविक विविधता र जलाधारको समुचित संरक्षण, व्यवस्थापन तथा सदुपयोगबाट वातावरणीय सन्तुलन कायमा गर्दै समृद्धिमा टेवा पुऱ्याउने" रहेको छ।

### २.२.२ उद्देश्य

वन तथा वातावरण मन्त्रालय, मधेश प्रदेशको लक्ष्यहरु निम्नानुसार रहेका छन्।

- वन तथा वनस्पतिजन्य स्रोतहरुको दिगो व्यवस्थापन मार्फत वनक्षेत्रको उत्पादन र उत्पादकत्वमा वृद्धि गरी काष्ठजन्य उत्पादनमा प्रदेशलाई आत्मनिर्भर बनाउने;
- वन्यजन्य वस्तुको उत्पादन, विस्तार र यसमा आधारित उद्योगहरु स्थापना गरी रोजगारी सिर्जना गर्ने;
- चुरे लगायतका जलाधार क्षेत्रहरुको एकीकृत व्यवस्थापन गर्दै भू-क्षय नियन्त्रण र भू-संरक्षण गतिविधि मार्फत भूमिको उत्पादन र उत्पादकत्व वृद्धि गरी वातावरणीय सन्तुलन कायम गर्ने;
- जैविक मार्ग, सिमसार क्षेत्रहरुको व्यवस्थापन मार्फत जैविक विविधताको संरक्षण र पर्यापर्यटनको प्रवर्द्धन गर्ने;
- प्रदूषण नियन्त्रण, फोहरमैला व्यवस्थापन र हरियाली प्रवर्द्धन गर्दै प्रदेशमा वातावरणीय स्वच्छता कायम गर्ने;
- जलवायु उत्थानशील समाज निर्माणको लागि जलवायु अनुकूलन तथा न्यूनीकरणका कार्यक्रमहरुलाई आन्तरिकीकरण गर्ने;
- प्रदेश वन प्रशासनका सबै निकायहरुलाई सुशासनयुक्त सवल, सक्षम र व्यावसायिक बनाउने।

### २.२.३ रणनीति

वन तथा वातावरण मन्त्रालय, मधेश प्रदेशले आफ्नो लक्ष्य र उद्देश्यहरु हासिल गर्न निम्न रणनीतिहरु राखेको छ।

- नीतिगत तथा संस्थागत सुधार,
- स्रोत साधनको सुनिश्चितता,

- सहभागितामूलक व्यवस्थापन पद्धति,
- अन्तरतह तथा अन्तरनिकाय सहयोग, समन्वय र सहकार्य,
- लैंगिक तथा सामाजिक समावेशीकरण,
- अध्ययन अनुसन्धान,
- तालिम, भ्रमण, अवलोकन तथा क्षमता अभिवृद्धि,
- अनुगमन तथा मूल्याङ्कन,
- सुशासन तथा प्रभावकारी कर्मचारीतन्त्र।

## २.३ संस्थागत संरचना

वन तथा वातावरण मन्त्रालय, मधेश प्रदेशमा रहेका संस्थागत संरचना तालिका ७ मा देखाईएको छ।

**तालिका ८ः वन तथा वातावरण मन्त्रालय, मधेश प्रदेशको संस्थागत संरचना**

| वन तथा वातावरण मन्त्रालय, जनकपुरधाम, धनुषा |
|---|
| प्रदेश वन निर्देशनालय, जनकपुरधाम, धनुषा |
| वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, सागरनाथ, सर्लाही |
| डिभिजन वन कार्यालय, पर्सा |
| डिभिजन वन कार्यालय, बारा |
| डिभिजन वन कार्यालय, रौतहट |
| डिभिजन वन कार्यालय, सर्लाही |
| डिभिजन वन कार्यालय, महोत्तरी |
| डिभिजन वन कार्यालय, धनुषा |
| डिभिजन वन कार्यालय, सिराहा |
| डिभिजन वन कार्यालय, सप्तरी |
| भू तथा जलाधार व्यवस्थापन कार्यालय, पर्सा |
| भू तथा जलाधार व्यवस्थापन कार्यालय, रौतहट |
| भू तथा जलाधार व्यवस्थापन कार्यालय, महोत्तरी |
| भू तथा जलाधार व्यवस्थापन कार्यालय, सिराहा |

## २.४ सांगठनिक संरचना

वन तथा वातावरण मन्त्रालय, मधेश प्रदेशको सांगठनिक संरचना अनुसूची १ मा देखाईएको छ। त्यसैगरी प्रदेश वन निर्देशनालय, जनकपुरधाम र वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, सागरनाथ, सर्लाहीको सांगठनिक संरचना क्रमशः अनुसूची २ र ३ मा देखाईएको छ। डिभिजन वन कार्यालय, सप्तरी, सिराहा, धनुषा, महोत्तरी, सर्लाही र पर्साको सांगठनिक संरचना एउटै भएकोले अनुसूची ४ मा देखाईएको छ। डिभिजन वन कार्यालय, रौतहट र बाराको सांगठनिक संरचना एउटै भएकोले अनुसूची ५ मा देखाईएको छ। भू तथा जलाधार व्यवस्थापन कार्यालय, सिराहा र रौतहटको सांगठनिक संरचना एउटै भएकोले अनुसूची ६ मा देखाईएको छ। छ। भू तथा जलाधार व्यवस्थापन कार्यालय, महोत्तरी र पर्साको सांगठनिक संरचना एउटै भएकोले अनुसूची ७ मा देखाईएको छ।

## २.५ दरबन्दी तेरिज

वन तथा वातावरण मन्त्रालय, मधेश प्रदेशको दरबन्दी तेरिज अनुसूची ८ मा देखाईएको छ। त्यसैगरी प्रदेश वन निर्देशनालय, जनकपुरधामको दरबन्दी तेरिज अनुसूची ९ मा देखाईएको छ। डिभिजन वन कार्यालय, सप्तरी, सिराहा, धनुषा, महोत्तरी, सर्लाही र पर्साको तरबन्दी तेरिज एउटै भएकोले अनुसूची १० मा देखाईएको छ। डिभिजन वन कार्यालय, रौतहट र बाराको तरबन्दी तेरिज एउटै भएकोले अनुसूची ११ मा देखाईएको छ। भू तथा जलाधार व्यवस्थापन कार्यालय, सिराहा र रौतहटको तरबन्दी तेरिज एउटै भएकोले अनुसूची १२ मा देखाईएको छ। भू तथा जलाधार व्यवस्थापन कार्यालय, महोत्तरी र पर्साको दरबन्दी तेरिज एउटै भएकोले अनुसूची १३ मा देखाईएको छ।

## २.६ काम, कर्तव्य र अधिकार

मधेश प्रदेश सरकारको (कार्य विभाजन) नियमावली, २०८० बमोजिम वन तथा वातावरण मन्त्रालय, मधेश प्रदेशको काम, कर्तव्य र अधिकार तपसिल बमोजिम रहेको छ।

१. प्रदेशस्तरमा वन क्षेत्रको नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन।
२. वन्यजन्तु र वन पैदावार ओसार पसार सम्बन्धी नियमन र अपराध नियन्त्रण।
३. वन, वनस्पति, वन्यजन्तु र जैविक विविधता सम्बन्धी प्रदेशिक संग्रहालय व्यवस्थापन।
४. प्रदेशस्तरमा संरक्षण क्षेत्र र चरन क्षेत्रको व्यवस्थापन।
५. चिडियाखानाको व्यवस्थापन।

६. जडीबुटी खेती प्रविधि प्रवर्द्धन, विस्तार तथा बजारीकरण सम्बन्धी नीति तथा कानून तर्जुमा तथा कार्यान्वयन र नियमन अध्ययन अनुसन्धान तथा तथ्याङ्क सङ्कलन।

७. वन तथा वातावरण सम्बन्धी विषयमा प्रविधिक सूचना तथा सेवा प्रवाह।

८. वन अतिक्रमण तथा वन डढेलो नियन्त्रण तथा रोकथाम सम्बन्धी नीति, समन्वय र सहयोग।

९. प्रदेशस्तरका वनस्पति उद्यान तथा हर्वेरीयमहरुको व्यवस्थापन र वनस्पति पहिचान तथा अभिलेखीकरण सम्बन्धी नीति र व्यवस्थापन।

१०. प्रदेशस्तरका जैविक विविधताको अध्ययन, अनुसन्धान, व्यवस्थापन, नियमन, संरक्षण एवं लाभांश बाँडफाँट।

११. प्रदेशस्तरमा जलाधार संरक्षण सम्बन्धी नीति, प्रविधि विकास, व्यवस्थापन।

१२. प्रदेशभित्र भू तथा जलाधार एवं चुरे संरक्षण।

१३. वातावरण संरक्षण तथा स्वच्छता सम्बन्धी प्रविधि विकास र व्यवस्थापन।

१४. वातावरण तथा जलवायु परिवर्तन समबन्धी नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन र नियमन।

१५. वातावरणीय सूचना प्रणालीको स्थापना एवं वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृति, अनुगमन र नियमन।

१६. वातावरणीय जोखिमका लागि तयारी र उद्धार।

१७. वातावरणीय प्रयोगशालाको स्थापना, सञ्चालन र व्यवस्थापन।

१८. प्रदेशस्तरमा ठोस, वायु, तरल, जल, ध्वनि तथा विद्युतीय लगायत प्रदुषणको मापदण्ड निर्धारण, कार्यान्वयन र नियमन।

१९. न्यून कार्वनमुखी तथा वातावरणमैत्री विकास प्रक्रिया र हरितक्षेत्र प्रवर्द्धन।

२०. वन संरक्षण क्षेत्र तथा प्राकृतिक सम्पदाको पहिचान, संरक्षण सम्वर्द्धन र व्यवस्थापकीय पद्धति निर्धारण।

२१. वातावरणीय क्षेत्रको अध्ययन, अनुसन्धान, क्षमता अभिवृद्धि, वातावरणीय सुशासन तथा परीक्षण।

२२. भूपरिधि क्षेत्र तथा वन क्षेत्रको पहिचान, वर्गीकरण, संरक्षण र व्यवस्थापन।

२३. नदी उकास, नहर तथा सडक किनारमा वृक्षारोपण व्यवस्थापन।

२४. वृक्षारोपणको लागि दिगो तथा गुणस्तरीय बीउ उत्पादन, बीउ बगैंचा स्थापना र व्यवस्थापन।

२५. प्रदेशभित्र वृक्षारोपण तथा सम्भार सम्बन्धी नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन।

२६. प्रदेशभित्र जडीबुटी तथा अन्य गैरकाष्ठ वन पैदावार सम्बन्धी व्यवस्थापन।

२७. वन्यजन्तु र चराचुरुङ्गी सम्बन्धी प्रदेशिक नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन।

## २.७ महाशाखा/शाखाहरु र महाशाखाको कार्य विवरण

वन तथा वातावरण मन्त्रालय, मधेश प्रदेशमा रहेका महाशाखा र शाखाहरुको विवरण तालिका ९ मा देखाईएको छ।

**तालिका ९ः वन तथा वातावरण मन्त्रालय, मधेश प्रधेशमा रहेका महाशाखा र शाखाहरु**

| क्र.सं. | महाशाखाहरु | शाखाहरु |
|---|---|---|
| १ | प्रशासन तथा योजना महाशाखा | प्रशासन शाखा |
| | | आर्थिक प्रशासन शाखा |
| | | कानून शाखा |
| २ | वन तथा वातावरण महाशाखा | वन तथा वन्यजन्तु संरक्षण शाखा |
| | | वन व्यवस्थापन तथा उद्यम शाखा |
| | | वातावरण तथा जलवायु अनुकूलन शाखा |
| ३ | भू तथा जलाधार महाशाखा | भू तथा जलाधार शाखा |
| | | जैविक विविधता शाखा |

## प्रशासन तथा योजना महाशाखाको कार्य विवरण

- मन्त्रालय र अन्तर्गतका निकायहरुको जनशक्ति व्यवस्थापन, आर्थिक प्रशासन र आन्तरिक व्यवस्थापन सम्बन्धी कार्य गर्ने, गराउने;
- मन्त्रालयको जिन्सी व्यवस्थापन र मर्मत सम्भार सम्बन्धी कार्य गर्ने, गराउने;
- भौतिक सम्पत्तिको सुरक्षा, मर्मत, सम्भार आदि गर्ने, गराउने;
- सार्वजनिक खरिद ऐन/ नियमावली बमोजिम सरकारी खरिद सम्बन्धी कार्य गर्ने, खरिद भएको जिन्सी सामानको दाखिला, निरीक्षण र खर्च सम्बन्धी कार्य गर्ने, गराउने;
- काम नलाग्ने जिन्सी सामानहरु तथा कवाडीको लिलाम बिक्री सम्बन्धी कार्य गर्ने, गराउने;
- मन्त्रालय र अन्तर्गतका निकायहरुको बेरुजु फछ्यौंट गर्ने, गराउने;

- मन्त्रालय र अन्तर्गतका निकायहरुको जनशक्ति विकास सम्बन्धी कार्यहरु गर्ने, गराउने;
- मन्त्रालय र अन्तर्गतका निकायबाट सम्पादित कार्यका विषयमा प्राप्त उजुरी, गुनासो आदिको जाँचबुझ तथा छानविन सम्बन्धी कार्य गर्ने, गराउने;
- कर्मचारीहरुको गुनासो व्यवस्थापन सम्बन्धी कार्य गर्ने, गराउने;
- कर्मचारीहरुको विभागीय कारवाही तथा प्रोत्साहन लगायतका कार्तहरु गर्ने, गराउने;
- मन्त्रालयसँग सम्बन्धित कर्मचारीहरुको अध्ययन, असाधारण लगायतका बिंदाहरु सम्बन्धी कार्य गर्ने, गराउने;
- अख्तियार दुरुपयोग अनुसन्धान आयोग, सुशासन इकाई र प्रशासन सुधार सम्बन्धी कार्यको सम्परक बिन्दुको रुपमा काम गर्ने, गराउने;
- वन क्षेत्रको सांगठनिक एवं प्रशासनिक प्रक्रियाको व्यवस्थापन सम्बन्धमा आवश्यक Standard Operation Procedure (SOP) बनाउने;
- मन्त्रालयसँग सम्बन्धित बैदेशिक भ्रमणको मनोनयन सम्बन्धी कार्य गर्ने;
- संस्थागत उद्देश्य प्रासिका लागि मातहतका शाखालाई निर्देशन दिने;
- प्रशासन सम्बन्धी कार्यमा सचिवलाई आवश्यक राय उपलब्ध गराउने;
- मन्त्रालयसँग सम्बन्धित नीतिहरुको निर्माण, परिमार्जन वा संशोधनहरुको मस्यौदा तयार गर्ने, गराउने;
- मन्त्रालयसँग सम्बन्धित रणनीति, निर्देशिक, मार्गदर्शन तथा कार्यविधिहरुको निर्माण, संशोधन, परिमार्जन सम्बन्धी कार्य गरी स्वीकृत गराउने;
- मन्त्रालयसँग सम्बन्धित आवधिक योजना, नीति कार्यक्रम, वार्षिक बजेट तथा कार्यक्रम तयार गर्ने, गराउने;
- कार्यक्रम तथा बजेटका सम्बन्धमा प्रदेश नीति तथा योजना, अर्थ मन्त्रालय, सम्बन्धित आयोजना तथा अन्य निकायहरुसँग समन्वय गर्ने गराउने;
- स्वीकृत वार्षिक कार्यक्रममा संशोधन गर्नु पर्ने अवस्थामा सो स्वीकृत गराई सम्बन्धित निकायमा पठाउने;
- अन्य मन्त्रालय तथा निकायहरुबाट सुझावका लागि पठाइएका कानून, नीति, रणनीति तथा अन्य दस्तावेजहरुको लागि सुझाव तयार गरी पठाउने;
- मासिक, त्रैमासिक, अर्धवार्षिक तथा वार्षिक प्रगती सम्बन्धी विवरण सम्बन्धित निकायमा पठाउने;

- वन, वातावरण, विज्ञान प्रविधि तथा जलवायू क्षेत्रका तथ्य तथ्यांक तथा सूचनाहरुको संकलन, प्रशोधन, विश्लेषण र आवश्यकता अनुसार प्रकाशन गर्ने, गराउने;
- विकास साझेदारहरुसँग आवश्यकता अनुसार बैठक गर्ने र परियोजनाहरुको प्रगति अद्यावधिक गर्ने, गराउने;
- दातृ निकायको सहयोगमा मन्त्रालयसँग सम्बन्धित चालु तथा सम्भावित परियोजनाहरुको विवरण अद्यावधिक गर्ने, गराउने;
- मन्त्रालयसँग सम्बन्धित वैदेशिक/संघीय सहायताको लागि प्रस्तावहरु संकलन, परिमार्जन तथा मस्यौदा तयार गरी अर्थ मन्त्रालय र सम्बन्धित दातृ निकायमा पेश गरी आवश्यकता अनुसार सम्पर्क र समन्वय गर्ने;
- मन्त्रालय र अन्तर्गतका निर्देशनालय, केन्द्र, कार्यालय, इकाई तथा आयोजनाहरुको कार्यक्रमको अनुगमन गरी पैष्ठपोषणको समेत व्यवस्था मिलाउने;
- मन्त्रालय र अन्तर्गतका निर्देशनालय, केन्द्र, कार्यालय, इकाई तथा आयोजनाहरुबाट प्राप्त आवधिक एवं वार्षिक प्रगति प्रतिवेदनहरु आवश्यकता अनुसार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश योजना आयोग लगायत तोकिएका निकायहरुमा म्यादभित्र पेश गर्ने;
- त्रैमासिक तथा वार्षिक प्रगति समीक्षा र आवश्यकता अनुसार मन्त्रालय स्तरीय विकास समस्या समाधान बैठक गर्ने गराउने;
- मन्त्रालयसँग सम्बन्धित कार्यक्रम प्रभावकारी ढंगले सञ्चालनका लागि प्रादेशिक एवं स्थानीय तहहरुसँग सम्पर्क र समन्वयको व्यवस्था मिलाउने;
- मन्त्रालयसँग सम्बन्धित विषयको अध्ययन, अनुसन्धान तथा क्षमता विकास कार्यमा विश्वविद्यालय, अनुसन्धान केन्द्र तथा शैक्षिक संस्थाहरुसँग समन्वय गर्ने गराउने;
- आवश्यकता अनुसार सम्बन्धित विषयमा हुने सभा, सम्मेलन, गोष्ठी, सेमिनारमा भाग लिने;
- मन्त्रालयसँग सम्बन्धित विषयहरुमा प्रदेशिक तथा राष्ट्रिय/अन्तर्राष्ट्रिय संघ संस्थाहरुसँग समझदारी, समन्वय तथा सहकार्यको व्यवस्था मिलाउने;
- महाशाखा अन्तर्गतका कर्मचारीहरुको काममा मार्गदर्शक बनी कर्मचारीहरुलाई सुपरिबेक्षण र आवश्यकता अनुसार निर्देशन र नियन्त्रण समेत गर्ने;
- प्रदेशभित्रको वन, वातावरण तथा विज्ञान क्षेत्रसँग सम्बन्धित योजना/आयोजना समन्वय गर्ने, गराउने;
- विकास कार्यक्रमहरुको समन्वय गर्ने;

- सञ्चालित कार्यक्रम तथा आयोजनाहरुको प्रभावकारिता अध्ययन, विश्लेषण गर्ने;
- कार्यान्वयन भई रहेका योजना तथा कार्यक्रमहरुको अनुगमन, समिक्षा तथा मूल्यांकन गर्ने;
- नतिजामूलक अनुगमन तथा मूल्यांकन प्रणाली अवलम्वन गर्ने;
- विकास आयोजनाको लागि वन क्षेत्र परिवर्तन नियन्त्रण गर्न सहयोग र समन्वय गर्ने;
- मन्त्रालयको पुस्तकालय व्यवस्थापन सम्बन्धी कार्य गर्ने, गराउने।

## वन तथा वातावरण महाशाखाको कार्य विवरण

- राष्ट्रिय वन क्षेत्रको जग्गा अन्य प्रयोजनका लागि उपलब्ध गराउने सम्बन्धमा आवश्यक प्रकृया अवलम्वन गरी निर्णयका लागि राय उपलब्ध गराउने;
- वन्यजन्तुबाट हुने क्षति तथा राहतका लागि आवश्यक प्रकृया अवलम्वन गर्ने;
- मन्त्रालयमा पेश हुने वन व्यवस्थापन योजनाहरु अध्ययन गरी स्वीकृतिको लागि सचिव समक्ष पेश गर्ने;
- मन्त्रालयसँग सम्बन्धित आवधिक योजना, नीति कार्यक्रम, वार्षिक बजेट तथा तर्जुमामा आवश्यक सहजीकरण गर्ने, गराउने;
- सामुदायिक वन, साझेदारी वन, गरिबमुखी कबुलियती वन, धार्मिक वन लगायत समुदायमा आधारित सहभागितामूलक वन व्यवस्थापन पद्धतिहरु सम्बन्धी अभिलेख राख्ने तथा अध्ययन अनुसन्धान गर्ने, गराउने;
- वन पैदावारमा आधारित उद्यम तथा उद्योगहरुको स्थापना, विकास र प्रवर्द्धनका लागि आवश्यक व्यवस्था गर्ने;
- उत्पादनमुखी सामुदायिक वनहरुको दिगो व्यवस्थापनका प्रादेशिक एवं राष्ट्रिय आधार र सूचकहरु निर्माणका लागि आवश्यक सहजीकरणका कार्यहरु गर्ने, गराउने;
- प्रदेशभित्र सञ्चालन हुने वन विकास कार्यक्रमहरुको अनुगमन र मूल्याङ्कन गर्ने;
- संरक्षणमुखी, उत्पादनमुखी एवं पर्यापर्यटन प्रवर्द्धनमुखी सामुदायिक वनहरुमा दिगो व्यवस्थापनको सिद्धान्त बमोजिम व्यवस्थापन गर्न आवश्यक प्रादेशिक नीति एवं मापदण्ड तयारी सम्बन्धी कार्यहरु गर्ने, गराउने;
- सामुदायिक वनभित्रका वन्यजन्तुको संरक्षणका लागि आवश्यकक समन्वय र सहजीकरण गर्ने;
- सामुदायिक वन उपभोक्ता समूहहरुको संस्थागत दिगोपना, समावेशी प्रतिनिधित्व एवं निर्णय प्रक्रियामा सहभागिताको लागि नीतिगत कार्यहरु गर्ने, गराउने;

- सहभागितामूलक वन डढेलो नियन्त्रण एवं रोकथाम सम्बन्धी नीतिगत कार्यहरु गर्ने, गराउने;
- वन श्रमिक, वन हेरालु, सामुदायिक वनहरुको संरक्षण, व्यवस्थापनमा आवश्यक दक्ष जनशक्तिको योग्यता तथा कारयसूचीको मापदण्ड निर्माण सम्बन्धी कार्यहरु गर्ने, गराउने;
- सहभागितामूलक वन व्यवस्थापन पद्धतिहरुको स्थानीय, प्रदेश एवं केन्द्रीय तहसंगको अन्तरसम्बन्ध एवं समन्वय सम्बन्धी आवश्यक प्रादेशिक कार्यविधिको निर्माण गर्ने, गारउने;
- सहभागितामूलक वन व्यवस्थापन समूहहरुको क्षमता विकास, हरित रोजगारीको अध्ययन अनुसन्धान गर्ने, गराउने;
- स्वीकृत वन व्यवस्थापन योजनाको कार्यान्वयनको अवस्था सम्बन्धमा अनुगमन निरीक्षण गरी आवश्यक सल्लाह प्रदान गर्ने;
- उच्च मूल्यका वनजन्य जडिबुटी र गैह्रकाष्ठ वन पैदावारहरुको उत्पादन, प्रवर्द्धन र बजारीकरण प्रवर्धन सम्बन्धी आवश्यक व्यवस्था मिलाउने;
- वन तथा वनजन्य उद्योगको लागि कच्चा पदार्थ उपलब्ध गराउने सम्बन्धमा मापदण्ड तयार गर्ने, साथै सो सम्बन्धी राजश्व, शुल्क, हमहशुल आदिको बारेमा राय प्रतिक्रिया उपलब्ध गर्ने, गराउने;
- सहभागितामूलक वन सम्बन्धी गोष्ठीहरुको आयोजना, समन्वय, सहभागिता सम्बन्धी कार्यहरु गर्ने, गराउने;
- वन व्यवस्थापन सम्बन्धी अध्ययन, अनुसन्धान, प्रकाशन तथा प्रवर्दधनको कार्य गर्ने एवं आवधिक मूल्याङ्कन तथा समीक्षा सम्बन्धी कार्य गर्ने;
- सरकारी, सार्वजनिक, निजी क्षेत्र, कृषि वन, सहरी क्षेत्रमा वृक्षारोपण तथा वन विकासको आवश्यक व्यवस्था मिलाउने;
- वातावरण संरक्षण सम्बन्धी अध्ययन, अनुसन्धान, प्रकाशन तथा प्रवर्द्धनको कार्य गर्ने एवं आवधिक मूल्याङ्कन तथा समीक्षा सम्बन्धी कार्य गर्ने;
- प्राकृतिक स्रोत तथा वन क्षेत्रमा पर्ने असरहरुको मूल्याङ्कन सम्बन्धी कार्य गर्ने, गराउने;
- वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तथा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनको अध्ययन, स्वीकृति एवं सम्बन्धित कार्य गर्ने, वातावरणीय अनुगमन तथा परीक्षणका लागि आवश्यक व्यवस्था गर्ने गराउने;
- स्वीकृत प्रतिवेदन अनुसार आयोजनाहरुको अनुगमन, मूल्याङ्कन गर्ने तथा सर्तहरुको पालना सुनिश्चित गर्ने सम्बन्धी कार्य गर्ने;

- वातावरणीय मापदण्ड पालना गराउने कार्यमा वातावरणीय नीरीक्षणलाई परिचालन गर्ने, गराउने सम्बन्धी आवश्यक कार्य गर्ने;
- प्राकृतिक स्रोतमा पर्ने असरहरुको यथेष्ठ मूल्याङ्कन गर्ने, गराउने वा सो सम्बन्धी प्राविधिक राय उपलब्ध गराउने;
- वातावरण संरक्षण तथा प्रवर्द्धन एवं व्यवस्थापनको लागि वातावरणीय शासन (Environmental Governance) को अवधारणा अनुरुप प्राकृतिक स्रोत एवं साधनको बुद्धिमतापूर्ण प्रयोग गर्ने गरी कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने;
- वातावरण क्षेत्रमा देखा परेका वन पर्ने समस्याहरु सर्वसाधारणमा पुऱ्याउने र वातावरणीय संरक्षण तथा प्रवर्द्धनका लागि जनचेतना जगाउन आवश्यक कार्यक्रमको तर्जुमा सम्बन्धी कार्य गर्ने;
- वातावरणीय सूचना प्रवाहका लागि आम सञ्चार माध्यमहरुको उपयोग गरी प्रचार प्रसार गर्न आवश्यक कार्यहरु गर्ने;
- वातावरण संरक्षणका लागि व्यापक जनसहभागिता जुटाउने तथा Green Consumerism लाई प्रवर्द्धन गर्न आवश।यक कार्य गर्ने;
- प्रदेशको समष्टिगत वातावरणीय स्थिति सम्बन्धी प्रतिवेदन तयार गर्ने, गराउने;
- सञ्चालित कार्यक्रमको अनुगमन, निरीक्षण गर्ने;
- संस्थागत उद्देश्य प्राप्तिका लागि मातहतका शाखालाई निर्देशन दिने;

## भू तथा जलाधार महाशाखाको कार्य विवरण

- भू-जलाधार तथा जैविक विविधता संरक्षण सम्बन्धी नीति तथा कार्यक्रम तर्जुमामा आवश्यक सहजीकरण गर्ने, गराउने;
- बृहत जलाधार, जलाधार, उप जलाधार तथा सुक्ष्म जलाधारहरुको अध्ययन अनुसन्धान गर्ने, गराउने;
- मरुभूमिकरण तथा भूमीको क्षयीकरणलाई सम्बोधन हुने कार्यक्रमको लागि प्राविधिक एवं आर्थिक सहयोग जुटान प्रस्तावहरुको मस्यौदा तयार गर्ने;
- सिमसार तथा ताल तलैया क्षेत्रहरुको संरक्षण, व्यवस्थापन सम्बन्धी कार्य गर्ने गराउने;
- नदी प्रणालीमा आधारित वृहत जलाधार संरक्षण योजना तर्जुमा तथा कार्यान्वयनका लागि नीतिगत सहजीकरण गर्नु गराउनुको साथै भू-संरक्षण तथा जलाधार व्यवस्थापन सम्बन्धी आयोजनाहरुको कार्यक्रम गर्न समन्वय तथा सहजीकरण गर्ने, गराउने;

- बाढी पहिरो जस्ता प्राकृतिक न्यनीकरण सम्बन्धी आवश्यक रणनीतिक योजनाहरुको अवधारणा बनाई प्रदेश तहसँग समेत आवश्यक सहकार्य र समन्वयको वातावरण सिर्जना गर्ने;
- विपत् जोखिम न्यूनीकरणका लागि आवश्यकता अनुसार अन्य निकायहरुसंग समन्वय तथा सहजीकरण गर्ने, गराउने;
- राष्ट्रपति चुरे तराई मधेश संरक्षण कार्यक्रमसँग समन्वय तथा सहजीकरण गर्ने, गराउने;
- भू तथा जलाधार व्यवस्थापन सम्बन्धी अध्ययन, अनुसन्धान तथा जलाधार सूचना प्रणालीको विकास गर्ने, गराउने;
- मरुभूमीकरण, भूमीको क्षयीकरण तथा विपत् जोखिम न्यूनीकरणका राष्ट्रिय तथा अन्तराष्ट्रिय कार्यक्रमहरुको सम्पर्क बिन्दु भई कार्य गर्ने;
- जैविक विविधता सम्बन्धी नीति तथा कार्यक्रम तर्जुमामा आवश्यक सहजीकरण गर्ने, गराउने;
- जैविक विविधतासँग अन्तरसम्बन्धित अन्तर्राष्ट्रिय महासन्धिहरु जस्तै जैविक विविधता महासन्धि, यस अन्तर्गतका अभिसन्धि तथा संयन्त्रहरु, साईटिस महासन्धि, रामसार महासन्धि तथा UNESCO, GTF, SAWEN लगायतका द्विपक्षीय एवं बहुपक्षीय सन्धि, सम्मेलन र समझदारीहरुको सम्पर्क, समन्वय र सहकार्य गर्ने, गराउने;
- जैविक विविधतासँग सम्बन्धी राष्ट्रिय र अन्तर्राष्ट्रिय कानून कार्यान्वयन गर्ने, गराउने;
- जैविक विविधता सम्बन्धी अध्ययन अनुसन्धान कार्यमा विश्वविद्यालय, अनुसन्धान केन्द्र तथा शैक्षिक प्रतिष्ठानहरुसँग समन्वय गर्ने;
- जैविक विविधताको अभिलेखीकरण तथा पंजिकरण सम्बन्धी विषयमा समन्वय गर्ने, गराउने;
- परम्परागत जैविक प्रविधि र ज्ञानको अभिलेखीकरण सम्बन्धी नीतिगत कार्य गर्ने;
- जैविक विविधता विषयमा राष्ट्रिय र अन्तर्राष्ट्रिय संघ संस्थाहरुसंग समन्वय गर्ने, गराउने;
- राष्ट्रिय र अन्तर्राष्ट्रिय अध्ययन अनुसन्धान अनुमति प्रदान गर्ने सम्बन्धी कार्य गर्ने;
- जैविक विविधता सम्बन्धी महासन्धि तथा अभिसन्धिहरुको राष्ट्रिय रणनीति तथा कार्ययोजना एवं राष्ट्रिय प्रतिवेदन तयारी गर्ने कार्य गर्ने;
- जैविक विविधता सम्बन्धी भूपरिधीय कार्यक्रम र आयोजनाहरुको समन्वय र सहकार्य गर्ने;
- जैविक विविधता सम्बन्धमा गोष्ठी, कार्यशाला तथा तालिमको आयोजना गर्ने;
- जैविक विविधता सम्बन्धी कार्यक्रमहरुको कार्यान्वयनको लागि दातृ निकायहरुबाट प्राविधिक एवं आर्थिक सहयोग जुटाउन प्राविधिक प्रस्तावहरु तर्जुमा गर्ने;

## २.८ प्रमुख नीति तथा कानूनहरु

### २.७.१ ऐन

१. प्रदेश वन ऐन, २०७७

### २.७.२ नियमावली

१. प्रदेश वन नियमावली, २०८१

### २.७.३ निर्देशिका

१. जिल्ला वन पैदावार आपूर्ति समितिको (कार्यविधि) निर्देशिका, २०७९

### २.७.४ कार्यविधिहरु

१. सार्वजनिक निर्माण र परामर्श सेवा कार्यका लागि कन्टिन्जेन्सी रकम खर्चलाई व्यवस्थित गर्ने सम्बन्धी कार्यविधि, २०७९

२. वन सम्वर्द्धन प्रणालीमा आधारित दिगो वन व्यवस्थापन कार्यविधि, २०८१

### २.७.५ कार्ययोजना

१. प्रदेशको वन तथा वातावरण क्षेत्र सुधारको रणनीतिक कार्ययोजना, २०८१

## २.९ वन तथा वातावरण मन्त्रालय, मधेश प्रदेशका हालसम्मका माननीय मन्त्रीज्यूहरु र सचिवहरुको विवरण

वन तथा वातावरण मन्त्रालय, मधेश प्रदेशका हालसम्मका माननीय मन्त्रीज्यूहरु र सचिवहरुको विवरण क्रमशः अनुसूची १४ र १५ मा देखाईएको छ।

## २.१० वन तथा वातावरण मन्त्रालय, मधेश प्रदेशमा कार्यरत कर्मचारीहरुको विवरण

वन तथा वातावरण मन्त्रालय, मधेश प्रदेशमा कार्यरत कर्मचारीहरुको विवरण अनुसूची १६ मा देखाईएको छ।

# खण्ड-३
# आर्थिक वर्ष २०८०/८१ को प्रगति

## ३.१ वन तथा वातावरण मन्त्रालय, मधेश प्रदेशले सञ्चालन गरेका कार्य तथा योजनाहरु

वन तथा वातावरण मन्त्रालय, मधेश प्रदेशबाट आर्थिक वर्ष २०८०/८१ मा देहाय बमोजिमको कार्य तथा योजनाहरु सञ्चालन गरिएको थियो।

### कार्यहरु

- वन तथा वातावरण क्षेत्रसँग सम्बन्धित आवश्यक ऐन, नियमावली, निर्देशिका तथा नीति निर्माण;
- कार्यक्रम संचालन तथा कार्यान्वयन कार्यबिधि तयारी;
- कार्यालयद्वारा हुने दैनिक प्रशासनिक कामकाजहरु;
- परिपत्र तथा निर्देशन गर्ने कार्य;
- संघीय सशर्त अनुदान बजेट हस्तान्तरणको कार्य;
- डायरी प्रकाशन तथा छपाई;
- क्यालेण्डर प्रकाशन तथा छपाई;
- चुरे सम्वन्धी अन्तरक्रिया कार्य;
- विभिन्न दिवस समारोह भव्यताका सम्पन्न;
- वन्यजन्तु पिडितहरुलाई राहत वितरण;
- वातावरणीय परिक्षण प्रतिवेदनको स्वीकृती, अनुगमन तथा सुझाव;
- योजना तर्जुमा गोष्ठी सञ्चालन;
- मातहतका निकायहरुको बार्षिक बजेट तथा कार्यक्रम तर्जुमा/संशोधन;
- मातहतका निकायहरुको नियमित अनुगमन तथा पृष्ठपोषण।

### कार्यक्रम तथा योजनाहरु (संघीय सशर्त अनुदान तर्फका)

- राष्ट्रिय वन विकास तथा व्यवस्थापन कार्यक्रम
- जडिबुटी विकास कार्यक्रम
- वातावरण विभाग
- जलाधार संरक्षण तथा सिमसार ब्यवस्थापन कार्यक्रम
- जैविक विविधता तथा जलाधार व्यवस्थापन कार्यक्रम

- ❖ डिभिजन वन कार्यालयहरु (वन सुरक्षा सैनिक समेत)
- ❖ वन तथा भू-संरक्षण विभाग
- ❖ समृद्धिका लागि वन कार्यक्रम
- ❖ वन्यजन्तु आरक्ष आयोजना

## ३.२ वन तथा वातावरण मन्त्रालय, मधेश प्रदेश

### मधेश प्रदेश सरकार तर्फ

वन तथा वातावरण मन्त्रालय, मधेश प्रदेशलाई आ.व. २०८०/८१ मा मधेश प्रदेश सरकार तर्फबाट पुँजीगत तर्फ रकम रु. १ करोड १३ लाख १६ हजार रुपैयाँ र चालु तर्फ रकम रु. ६ करोड १६ लाख ४० हजार रुपैयाँ गरि कुल रकम रु. ७ करोड २९ लाख ५६ हजार रुपैयाँ बजेट विनियोजन भएको थियो। जसअन्तर्गत पुँजीगत तर्फ रकम रु. ३७ लाख २२ हजार रुपैयाँ र चालु तर्फ रकम रु. ४ करोड २ लाख ५३ हजार ८ सय रुपैयाँ रुपैयाँ गरि कुल रकम रु. ४ करोड ३९ लाख ७५ हजार ८ सय रुपैयाँ खर्च भएको थियो। वन तथा वातावरण मन्त्रालय, मधेश प्रदेशले आ.व. २०८०/८१ मा मधेश प्रदेश सरकार तर्फबाट गरेको पुँजीगत, चालु र समग्र वित्तीय प्रगतिको अवस्था तलका चित्रहरुमा देख्न सकिन्छ।









### संघीय सशर्त अनुदान तर्फ

| क्र.सं. | कार्यक्रमको नाम | बजेट (रु. लाख) | खर्च (रु. लाख) | प्रगति प्रतिशत (%) |
|---|---|---|---|---|
| १ | वन सुरक्षा सैनिक समेत | ४१ | ० | ० |
| २ | वन्यजन्तु आरक्ष आयोजना | २७ | २७ | १०० |

## ३.३ वन तथा वातावरण मन्त्रालय, मधेश प्रदेशको आ.व. २०७७/७८ देखि २०८०/८१ सम्मको बजेट र खर्च

वन तथा वातावरण मन्त्रालय, मधेश प्रदेशको आर्थिक वर्ष २०७७/७८, २०७८/७९, २०७९/८० र २०८०/८१ मा क्रमशः ५१.९८ करोड, २३.२२ करोड, २४.७५ करोड र ७.३ करोड बजेट विनियोजित भएको थियो। जसअन्तर्गत मन्त्रालयले आर्थिक वर्ष २०७७/७८, २०७८/७९, २०७९/८० र २०८०/८१ मा क्रमशः ७.३५ करोड, ७.४६ करोड, ५.१० करोड र ४.३९ करोड खर्च गरेको थियो। वन तथा वातावरण मन्त्रालय, मधेश प्रदेशको आ.व. २०७७/७८ देखि २०८०/८१ सम्मको बजेट र खर्चको परिदृष्य तलको चित्रमा देख्न सकिन्छ।




| आर्थिक वर्ष | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ |
|---|---|---|---|---|
| विनियोजित बजेट (रु. करोड) | ५१.९८ | २३.२२ | २४.७५ | ७.३० |
| खर्च (रु. करोड) | ७.३५ | ७.४६ | ५.१० | ४.३९ |

## ३.४ प्रदेश वन निर्देशनालय, जनकपुरधाम

### मधेश प्रदेश सरकार तर्फ

प्रदेश वन निर्देशनालय, जनकपुरधामलाई आ.व. २०८०/८१ मा मधेश प्रदेश सरकार तर्फबाट पुँजीगत तर्फ रकम रु. ९० लाख ६० हजार रुपैयाँ र चालु तर्फ रकम रु. ३ करोड ३२ लाख १४ हजार रुपैयाँ गरी कुल रकम रु. ४ करोड २२ लाख ७४ हजार रुपैयाँ बजेट विनियोजन भएको थियो। जसअन्तर्गत पुँजीगत तर्फ रकम रु. ८९ लाख ७० हजार रुपैयाँ र चालु तर्फ रकम रु. १ करोड ७३ लाख ४३ हजार रुपैयाँ गरी कुल रकम रु. २ करोड ६३ लाख १३ हजार रुपैयाँ खर्च भएको थियो। प्रदेश वन निर्देशनालय, जनकपुरधामले आ.व. २०८०/८१ मा मधेश प्रदेश सरकार तर्फबाट गरेको पुँजीगत, चालु र समग्र वित्तीय प्रगतिको अवस्था तलका चित्रहरुमा देख्न सकिन्छ।










## संघीय सशर्त अनुदान तर्फ

| क्र.सं. | कार्यक्रमको नाम | बजेट (रु. लाख) | खर्च (रु. लाख) | प्रगति प्रतिशत (%) |
|---|---|---|---|---|
| १ | वन तथा भू-संरक्षण विभाग | १५.६ | ० | ० |
| २ | समृद्धिका लागि वन कार्यक्रम | ३८०.७ | २०५.३१ | ५३.९३ |

## ३.५ वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, सागरनाथ, सर्लाही

### मधेश प्रदेश सरकार तर्फ

वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, सागरनाथ, सर्लाहीलाई आ.व. २०८०/८१ मा मधेश प्रदेश सरकार तर्फबाट पुँजीगत तर्फ रकम रु. १५ लाख रुपैयाँ र चालु तर्फ रकम रु. १ करोड ५६ लाख ९१ हजार रुपैयाँ गरी कुल रकम रु. १ करोड ७१ लाख ९१ हजार रुपैयाँ बजेट विनियोजन भएको थियो। जसअन्तर्गत पुँजीगत तर्फ रकम रु. १४ लाख ८५ हजार रुपैयाँ र चालु तर्फ रकम रु. १ करोड ६ लाख ८० हजार रुपैयाँ गरी कुल रकम रु. १ करोड २१ लाख ६५ हजार रुपैयाँ खर्च भएको थियो। वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, सागरनाथ, सर्लाहीले आ.व. २०८०/८१ मा मधेश प्रदेश सरकार तर्फबाट गरेको पुँजीगत, चालु र समग्र वित्तीय प्रगतिको अवस्था तलका चित्रहरुमा देख्न सकिन्छ।









## ३.६ मधेश प्रदेशमा रहेका डिभिजन वन कार्यालयहरुले सञ्चालन गरेका प्रमुख कार्यहरु

मधेश प्रदेशमा रहेका डिभिजन वन कार्यालयहरुद्वारा आर्थिक वर्ष २०८०/८१ मा देहाय बमोजिमका कार्यहरु सञ्चालन गरिएको थियो।

- वनको संरक्षण, सम्वर्द्धन तथा सदुपयोगको कार्य;
- वन, जंगल तथा वन्यजन्तुको संरक्षण एवं पारिस्थिकीय प्रणालीमा सुधार ल्याउने कार्य;
- दिगो वनको व्यवस्थापन मार्फत वन क्षेत्रको उत्पादकत्वमा अभिवृद्धी गरी काठ दाउरा संकलन तथा स्थानीय जनताको माँगलाई सहज आपूर्ती गर्ने कार्य;
- बिभिन्न किसिमका वनहरु (सामुदायिक, साझेदारी, कवुलियती, वन संरक्षण क्षेत्र, धार्मिक वन) को व्यवस्थापन सहयोगको कार्य;
- वन अपराध नियन्त्रण, मुद्दाको अभियोजन तथा फैसला कार्यान्वयन कार्य;
- हरित प्रदेश अभियानका लागि बिरुवा उत्पादन तथा बृक्षारोपण (निजी, सार्वजनिक, सडक किनार, र शहरी क्षेत्र);
- वन क्षेत्र मार्फत पर्यापर्यटन प्रवर्धन;
- NTFP खेती मार्फत आय आर्जनमा टेवा;
- निजी, कृषि वन प्रवर्धन मार्फत वन पैदावार आपुर्तीमा निजी क्षेत्रको सहभागिता गराउने कार्य;
- राजस्व संकलनको कार्य;

- संस्थागत सुधार (कार्यालयको भवन निर्माण, मर्मत, सम्भार);
- वन्यजन्तुको उद्धार तथा मानव वन्यजन्तु द्वन्द न्यूनीकरणमा सहयोग;
- वन डढेलो नियन्त्रण तथा व्यवस्थापन;
- जनचेतना मूलक प्रचारप्रसार तथा उपभोक्ताहरुको क्षमता अभिवृद्धि।

## ३.७ डिभिजन वन कार्यालय, सप्तरी

### मधेश प्रदेश सरकार तर्फ

डिभिजन वन कार्यालय, सप्तरीलाई आ.व. २०८०/८१ मा मधेश प्रदेश सरकार तर्फबाट पुँजीगत तर्फ रकम रु. २ करोड ४६ लाख ८० हजार रुपैयाँ र चालु तर्फ रकम रु. ७ करोड ८१ लाख ४८ हजार रुपैयाँ गरी कुल रकम रु. १० करोड २८ लाख २८ हजार रुपैयाँ बजेट विनियोजन भएको थियो। जसअन्तर्गत पुँजीगत तर्फ रकम रु. १ करोड ५४ लाख ७४ हजार रुपैयाँ र चालु तर्फ रकम रु. ४ करोड ७७ लाख ८५ हजार रुपैयाँ गरी कुल रकम रु. ६ करोड ३२ लाख ५९ हजार रुपैयाँ खर्च भएको थियो। डिभिजन वन कार्यालय, सप्तरीले आ.व. २०८०/८१ मा मधेश प्रदेश सरकार तर्फबाट गरेको पुँजीगत, चालु र समग्र वित्तीय प्रगतिको अवस्था तलका चित्रहरुमा देख्न सकिन्छ।









## संघीय सशर्त अनुदान तर्फ

| क्र.सं. | कार्यक्रमको नाम | बजेट (रु. लाख) | खर्च (रु. लाख) | प्रगति प्रतिशत (%) |
|---|---|---|---|---|
| १ | राष्ट्रिय वन विकास तथा व्यवस्थापन कार्यक्रम | ५९ | ५८.३२ | ९८.८५ |
| २ | जडिबुटी विकास कार्यक्रम | १४ | १४ | १०० |
| ३ | वन सुरक्षा सैनिक समेत | १४३.६५ | १४०.०० | ९७.४६ |
| ४ | वन तथा भू-संरक्षण विभाग | २७.१८ | २४.५३ | ९०.२५ |
| ५ | समृद्धिका लागि वन कार्यक्रम | २७.०५ | २७.०३ | ९९.९३ |

## ३.८ डिभिजन वन कार्यालय, सिराहा

### मधेश प्रदेश सरकार तर्फ

डिभिजन वन कार्यालय, सिराहालाई आ.व. २०८०/८१ मा मधेश प्रदेश सरकार तर्फबाट पुँजीगत तर्फ रकम रु. ३ करोड ३५ लाख ६० हजार रुपैयाँ र चालु तर्फ रकम रु. ६ करोड ७३ लाख ५० हजार रुपैयाँ गरी कुल रकम रु. १० करोड ९ लाख १० हजार रुपैयाँ बजेट विनियोजन भएको थियो। जसअन्तर्गत पुँजीगत तर्फ रकम रु. ३ करोड १५ लाख ९५ हजार रुपैयाँ र चालु तर्फ रकम रु. ५ करोड १५ लाख ६० हजार रुपैयाँ गरी कुल रकम रु. ८ करोड ३१ लाख ५५ हजार रुपैयाँ

बजेट खर्च भएको थियो। डिभिजन वन कार्यालय, सिराहाले आ.व. २०८०/८१ मा मधेश प्रदेश सरकार तर्फबाट गरेको पुँजीगत, चालु र समग्र वित्तीय प्रगतिको अवस्था तलका चित्रहरुमा देख्न सकिन्छ।









### संघीय सशर्त अनुदान तर्फ

| क्र.सं. | कार्यक्रमको नाम | बजेट (रु. लाख) | खर्च (रु. लाख) | प्रगति प्रतिशत (%) |
|---|---|---|---|---|
| १ | राष्ट्रिय वन विकास तथा व्यवस्थापन कार्यक्रम | ६४ | ६१.६४ | ९६.३१ |
| २ | जडिबुटी विकास कार्यक्रम | १३ | १३ | १०० |
| ३ | वातावरण विभाग | ६० | ५९.८७ | ९९.७८ |
| ४ | वन सुरक्षा सैनिक समेत | १७२.३४ | १७१.१५ | ९९.३१ |
| ५ | वन तथा भू-संरक्षण विभाग | ६७.८४ | ६१.४४ | ९०.५७ |
| ६ | समृद्धिका लागि वन कार्यक्रम | ३२.०५ | ३२.०४ | ९९.९७ |

## ३.९ डिभिजन वन कार्यालय, धनुषा

### मधेश प्रदेश सरकार तर्फ

डिभिजन वन कार्यालय, धनुषालाई आ.व. २०८०/८१ मा मधेश प्रदेश सरकार तर्फबाट पुँजीगत तर्फ रकम रु. ६ करोड ८५ लाख ३३ हजार रुपैयाँ र चालु तर्फ रकम रु. ६ करोड ८७ लाख ३४ हजार रुपैयाँ गरी कुल रकम रु. १३ करोड ७२ लाख ६७ हजार रुपैयाँ बजेट विनियोजन भएको थियो। जसअन्तर्गत पुँजीगत तर्फ रकम रु. ३ करोड ३१ लाख ४८ हजार रुपैयाँ र चालु तर्फ रकम रु. ५ करोड १४ लाख ९० हजार रुपैयाँ गरी कुल रकम रु. ८ करोड ४६ लाख ३८ हजार रुपैयाँ बजेट खर्च भएको थियो। डिभिजन वन कार्यालय, धनुषाले आ.व. २०८०/८१ मा मधेश प्रदेश सरकार तर्फबाट गरेको पुँजीगत, चालु र समग्र वित्तीय प्रगतिको अवस्था तलका चित्रहरुमा देख्न सकिन्छ।


पुँजीगत तर्फको प्रगति
५१.६३
बाँकी
४८.३७
खर्च
०. २०. ४०. ६०. ८०. १००.
बजेट (प्रतिशत)


चालु तर्फको प्रगति
७४.९१
२५.०९
०. २०. ४०. ६०. ८०. १००.
बजेट (प्रतिशत)
खर्च
बाँकी


समग्र वित्तीय प्रगति
३८.३४
६१.६६
खर्च (प्रतिशत)
बाँकी (प्रतिशत)

### संघीय सशर्त अनुदान तर्फ

| क्र.सं. | कार्यक्रमको नाम | बजेट (रु. लाख) | खर्च (रु. लाख) | प्रगति प्रतिशत (%) |
|---|---|---|---|---|
| १ | राष्ट्रिय वन विकास तथा व्यवस्थापन कार्यक्रम | ८८ | ८७.७२ | ९९.६८ |
| २ | जडिबुटी विकास कार्यक्रम | १४ | १४ | १०० |
| ३ | वन सुरक्षा सैनिक समेत | ९१.०७ | ९१.०४ | ९९.९७ |
| ४ | वन तथा भू-संरक्षण विभाग | ५४.९६ | ५१.०२ | ९२.८३ |
| ५ | समृद्धिका लागि वन कार्यक्रम | ६७.५ | ५५.६८ | ८२.४९ |

## ३.१० डिभिजन वन कार्यालय, महोत्तरी

### मधेश प्रदेश सरकार तर्फ

डिभिजन वन कार्यालय, महोत्तरीलाई आ.व. २०८०/८१ मा मधेश प्रदेश सरकार तर्फबाट पुँजीगत तर्फ रकम रु. ५ करोड ७४ लाख रुपैयाँ र चालु तर्फ रकम रु. ६ करोड १६ लाख ३० हजार रुपैयाँ गरी कुल रकम रु. ११ करोड ९० लाख ३० हजार रुपैयाँ बजेट विनियोजन भएको थियो। जसअन्तर्गत पुँजीगत तर्फ रकम रु. ४ करोड २४ लाख ३३ हजार रुपैयाँ र चालु तर्फ रकम रु. ४ करोड ८४ लाख ५२ हजार रुपैयाँ गरी कुल रकम रु. ९ करोड ८ लाख ८५ हजार रुपैयाँ बजेट खर्च भएको थियो। डिभिजन वन कार्यालय, महोत्तरीले आ.व. २०८०/८१ मा मधेश प्रदेश सरकार तर्फबाट गरेको पुँजीगत, चालु र समग्र वित्तीय प्रगतिको अवस्था तलका चित्रहरुमा देख्न सकिन्छ।

## पुँजीगत तर्फको प्रगति




## चालु तर्फको प्रगति




## समग्र वित्तीय प्रगति



## संघीय सशर्त अनुदान तर्फ

| क्र.सं. | कार्यक्रमको नाम | बजेट (रु. लाख) | खर्च (रु. लाख) | प्रगति प्रतिशत (%) |
|---|---|---|---|---|
| १ | राष्ट्रिय वन विकास तथा व्यवस्थापन कार्यक्रम | ५१ | ३०.७१ | ६०.२२ |
| २ | जडिबुटी विकास कार्यक्रम | १३ | १३ | १०० |
| ३ | वातावरण विभाग | २० | १९.९७ | ९९.८५ |
| ४ | वन सुरक्षा सैनिक समेत | १४५ | ९६ | ६६.२१ |
| ५ | वन तथा भू-संरक्षण विभाग | ४७.६८ | ४४.६५ | ९३.६५ |
| ६ | समृद्धिका लागि वन कार्यक्रम | ७२ | १३.३८ | १८.५८ |

## ३.११ डिभिजन वन कार्यालय, सर्लाही

## मधेश प्रदेश सरकार तर्फ

डिभिजन वन कार्यालय, सर्लाहीलाई आ.व. २०८०/८१ मा मधेश प्रदेश सरकार तर्फबाट पुँजीगत तर्फ रकम रु. २ करोड ४६ लाख ६० हजार रुपैयाँ र चालु तर्फ रकम रु. ६ करोड ७४ लाख ५७ हजार रुपैयाँ गरी कुल रकम रु. ९ करोड २१ लाख १७ हजार रुपैयाँ बजेट विनियोजन भएको थियो। जसअन्तर्गत पुँजीगत तर्फ रकम रु. १ करोड ९२ लाख ३ हजार रुपैयाँ र चालु तर्फ रकम रु. ४ करोड ९३ लाख ८१ हजार रुपैयाँ जोडेर हुन आएको रकम रु. ६ करोड ८५ लाख ८४ हजार रुपैयाँ बजेट खर्च भएको थियो। डिभिजन वन कार्यालय, सर्लाहीले आ.व. २०८०/८१ मा मधेश प्रदेश सरकार तर्फबाट गरेको पुँजीगत, चालु र समग्र वित्तीय प्रगतिको अवस्था तलका चित्रहरुमा देख्न सकिन्छ।


पुँजीगत तर्फको प्रगति
बाँकी
२२.१३
खर्च
७७.८७
०. २०. ४०. ६०. ८०. १००.
बजेट (प्रतिशत)


चालु तर्फको प्रगति
७३.२
२६.८
०. २०. ४०. ६०. ८०. १००.
बजेट (प्रतिशत)
खर्च
बाँकी


समग्र वित्तीय प्रगति
२५.५५
७४.४५
खर्च (प्रतिशत)
बाँकी (प्रतिशत)

### संघीय सशर्त अनुदान तर्फ

| क्र.सं. | कार्यक्रमको नाम | बजेट (रु. लाख) | खर्च (रु. लाख) | प्रगति प्रतिशत (%) |
|---|---|---|---|---|
| १ | राष्ट्रिय वन विकास तथा व्यवस्थापन कार्यक्रम | ५३.५ | ३३.४५ | ६२.५२ |
| २ | जडिबुटी विकास कार्यक्रम | १३ | ९ | ६९.२३ |
| ३ | वातावरण विभाग | २० | १९.८९ | ९९.४५ |
| ४ | जैविक विविधता तथा जलाधार व्यवस्थापन कार्यक्रम | ३८० | ७९.८१ | २१ |
| ५ | वन सुरक्षा सैनिक समेत | १६४.५६ | १५८.३० | ९६.२० |
| ६ | वन तथा भू-संरक्षण विभाग | ४७.०८ | ४४.१४ | ९३.७६ |
| ७ | समृद्धिका लागि वन कार्यक्रम | ७७.२ | ३०.२० | ३९.१२ |

## ३.१२ डिभिजन वन कार्यालय, रौतहट

### मधेश प्रदेश सरकार तर्फ

डिभिजन वन कार्यालय, रौतहटलाई आ.व. २०८०/८१ मा मधेश प्रदेश सरकार तर्फबाट पुँजीगत तर्फ रकम रु. ४ करोड २९ लाख ७८ हजार रुपैयाँ र चालु तर्फ रकम रु. ८ करोड २० लाख २४ हजार रुपैयाँ गरी कुल रकम रु. १२ करोड ५० लाख २ हजार रुपैयाँ बजेट विनियोजन भएको थियो। जसअन्तर्गत पुँजीगत तर्फ रकम रु. ३ करोड ३१ लाख ७१ हजार रुपैयाँ र चालु तर्फ रकम रु. ५ करोड ९५ लाख ४९ हजार रुपैयाँ गरी कुल रकम रु. ९ करोड २७ लाख २० हजार रुपैयाँ बजेट खर्च भएको थियो। डिभिजन वन कार्यालय, रौतहटले आ.व. २०८०/८१ मा मधेश प्रदेश सरकार तर्फबाट गरेको पुँजीगत, चालु र समग्र वित्तीय प्रगतिको अवस्था तलका चित्रहरुमा देख्न सकिन्छ।



पुँजीगत तर्फको प्रगति
बाँकी
२२.८२
७७.१८
खर्च
०. २०. ४०. ६०. ८०. १००.
बजेट (प्रतिशत)




चालु तर्फको प्रगति
७२.६
२७.४
०. २०. ४०. ६०. ८०. १००.
बजेट (प्रतिशत)
खर्च
बाँकी




समग्र वित्तीय प्रगति
२५.८३
७४.१७
खर्च (प्रतिशत)
बाँकी (प्रतिशत)

### संघीय सशर्त अनुदान तर्फ

| क्र.सं. | कार्यक्रमको नाम | बजेट (रु. लाख) | खर्च (रु. लाख) | प्रगति प्रतिशत (%) |
|---|---|---|---|---|
| १ | राष्ट्रिय वन विकास तथा व्यवस्थापन कार्यक्रम | ५५.५ | २२.९९ | ४१.४२ |
| २ | जडिबुटी विकास कार्यक्रम | १४ | १३.८७ | ९९.०७ |
| ३ | वातावरण विभाग | ७० | ५४.०७ | ७७.२४ |
| ४ | वन सुरक्षा सैनिक समेत | १३२.०१४ | १३१.१७ | ९९.३६ |
| ५ | वन तथा भू-संरक्षण विभाग | ४७.७२ | ४०.५९ | ८५.०६ |
| ६ | समृद्धिका लागि वन कार्यक्रम | ९१ | ४६ | ५०.५५ |

## ३.१३ डिभिजन वन कार्यालय, बारा

### मधेश प्रदेश सरकार तर्फ

डिभिजन वन कार्यालय, बारालाई आ.व. २०८०/८१ मा मधेश प्रदेश सरकार तर्फबाट पुँजीगत तर्फ रकम रु. ४ करोड १ लाख ३० हजार रुपैयाँ र चालु तर्फ रकम रु. ७ करोड ४४ लाख ९८ हजार रुपैयाँ गरी कुल रकम रु. ११ करोड ४६ लाख २८ हजार रुपैयाँ बजेट विनियोजन भएको थियो। जसअन्तर्गत पुँजीगत तर्फ रकम रु. ३ करोड ९१ लाख ९० हजार रुपैयाँ र चालु तर्फ रकम रु. ६ करोड ५५ लाख ३५ हजार रुपैयाँ गरी कुल रकम रु. १० करोड ४७ लाख २५ हजार रुपैयाँ बजेट खर्च गरेको थियो। डिभिजन वन कार्यालय, बाराले आ.व. २०८०/८१ मा मधेश प्रदेश सरकार तर्फबाट गरेको पुँजीगत, चालु र समग्र वित्तीय प्रगतिको अवस्था तलका चित्रहरुमा देख्न सकिन्छ।


पुँजीगत तर्फको प्रगति
बाँकी
२.३४
९७.६६
खर्च
०. २०. ४०. ६०. ८०. १००.
बजेट (प्रतिशत)


चालु तर्फको प्रगति
८७.९७
१२.०३
०. २०. ४०. ६०. ८०. १००.
बजेट (प्रतिशत)
खर्च
बाँकी


समग्र वित्तीय प्रगति
८.६४
९१.३६
खर्च (प्रतिशत)
बाँकी (प्रतिशत)

### संघीय सशर्त अनुदान तर्फ

| क्र.सं. | कार्यक्रमको नाम | बजेट (रु. लाख) | खर्च (रु. लाख) | प्रगति प्रतिशत (%) |
|---|---|---|---|---|
| १ | राष्ट्रिय वन विकास तथा व्यवस्थापन कार्यक्रम | ६३.५ | ५५.९५ | ८८.११ |
| २ | जडिबुटी विकास कार्यक्रम | २३ | २३ | १०० |
| ३ | वातावरण विभाग | २० | १९.९२ | ९९.६० |
| ४ | वन सुरक्षा सैनिक समेत | १७३.५ | १०२.६० | ५९.१४ |
| ५ | वन तथा भू-संरक्षण विभाग | ३५.८५ | २७.५२ | ७६.७६ |
| ६ | समृद्धिका लागि वन कार्यक्रम | ७८.२५ | ५२.५५ | ६७.१६ |

## ३.१४ डिभिजन वन कार्यालय, पर्सा

### मधेश प्रदेश सरकार तर्फ

डिभिजन वन कार्यालय, पर्सालाई आ.व. २०८०/८१ मा मधेश प्रदेश सरकार तर्फबाट पुँजीगत तर्फ रकम रु. ७ करोड १३ लाख २० हजार रुपैयाँ र चालु तर्फ रकम रु. ७ करोड १ लाख १४ हजार रुपैयाँ गरी कुल रकम रु. १४ करोड १४ लाख ३४ हजार रुपैयाँ बजेट विनियोजन भएको थियो। जसअन्तर्गत पुँजीगत तर्फ रकम रु. ४ करोड ६० हजार रुपैयाँ र चालु तर्फ रकम रु. ४ करोड ९ लाख ४२ हजार रुपैयाँ गरी कुल रकम रु. ८ करोड १० लाख २ हजार रुपैयाँ बजेट खर्च गरेको थियो। डिभिजन वन कार्यालय, पर्साले आ.व. २०८०/८१ मा मधेश प्रदेश सरकार तर्फबाट गरेको पुँजीगत, चालु र समग्र वित्तीय प्रगतिको अवस्था तलका चित्रहरुमा देख्न सकिन्छ।


पुँजीगत तर्फको प्रगति
४३.८३
बाँकी
५६.१७
खर्च
०. २०. ४०. ६०. ८०. १००.
बजेट (प्रतिशत)


चालु तर्फको प्रगति
५८.३९
४१.६१
०. २०. ४०. ६०. ८०. १००.
बजेट (प्रतिशत)
खर्च
बाँकी


समग्र वित्तीय प्रगति
४२.७३
५७.२७
खर्च (प्रतिशत)
बाँकी (प्रतिशत)

## संघीय सशर्त अनुदान तर्फ

| क्र.सं. | कार्यक्रमको नाम | बजेट (रु. लाख) | खर्च (रु. लाख) | प्रगति प्रतिशत (%) |
|---|---|---|---|---|
| १ | राष्ट्रिय वन विकास तथा व्यवस्थापन कार्यक्रम | ६५.५ | २४.७६ | ३७.८० |
| २ | जडिबुटी विकास कार्यक्रम | २६ | १७ | ६५.३८ |
| ३ | वन सुरक्षा सैनिक समेत | १२३.९६ | ११६.०८ | ९३.६४ |
| ४ | वन तथा भू-संरक्षण विभाग | ४५.०७ | ४४.४३ | ९८.५८ |
| ५ | समृद्धिका लागि वन कार्यक्रम | ६२.२५ | २४.३७ | ३९.१५ |

## ३.१५ मधेश प्रदेशमा रहेका भू तथा जलाधार व्यवस्थापन कार्यालयहरुले सञ्चालन गरेका प्रमुख कार्यहरु

मधेश प्रदेशमा रहेका भू तथा जलाधार व्यवस्थापन कार्यालयहरुद्वारा आर्थिक वर्ष २०८०/८१ मा देहाय बमोजिमका कार्यहरु सञ्चालन गरिएको थियो।

- जलाधार क्षेत्रको संरक्षण तथा व्यवस्थापनको कार्य;
- चुरे क्षेत्रको संरक्षण तथा व्यवस्थापन (जल पुनर्भरण,बाँध निर्माण, गल्छी, पहिरो नियन्त्रण);
- जलाशयहरुको संरक्षण, निर्माण, मर्मत सम्भारका कार्य;
- बायो ईन्जिनियरिंग, बृक्षरोपण मार्फत खोला किनार, खहरे तथा समग्र जलाधार क्षेत्रको संरक्षण कार्य;
- सिचाई कुलो संरक्षण, निर्माण तथा मर्मत सुधार कार्य।

## ३.१६ भू तथा जलाधार व्यवस्थापन कार्यालय, सिराहा

### मधेश प्रदेश सरकार तर्फ

भू तथा जलाधार व्यवस्थापन कार्यालय, सिराहालाई आ.व. २०८०/८१ मा मधेश प्रदेश सरकार तर्फबाट पुंजीगत तर्फ रकम रु. ११ करोड ५६ लाख ५० हजार रुपैयाँ र चालु तर्फ रकम रु. २ करोड ३४ हजार रुपैयाँ गरी कुल रकम रु. १३ करोड ५६ लाख ८४ हजार रुपैयाँ बजेट विनियोजन भएको थियो। जसअन्तर्गत पुंजीगत तर्फ र चालु तर्फ गरी कुल रकम रु. ११ करोड ६ लाख ५३ हजार रुपैयाँ बजेट खर्च भएको थियो। भू तथा जलाधार व्यवस्थापन कार्यालय, सिराहाले आ.व. २०८०/८१ मा मधेश प्रदेश सरकार तर्फबाट गरेको समग्र वित्तीय प्रगतिको अवस्था तलको चित्रमा देख्न सकिन्छ।




### संघीय सशर्त अनुदान तर्फ

| क्र.सं. | कार्यक्रमको नाम | बजेट (रु. लाख) | खर्च (रु. लाख) | प्रगति प्रतिशत (%) |
|---|---|---|---|---|
| १ | जलाधार संरक्षण तथा सिमसार व्यवस्थापन कार्यक्रम | ६५ | ६३.१३ | ९७.१२ |

## ३.१७ भू तथा जलाधार व्यवस्थापन कार्यालय, रौतहट

### मधेश प्रदेश सरकार तर्फ

भू तथा जलाधार व्यवस्थापन कार्यालय, रौतहटलाई आ.व. २०८०/८१ मा मधेश प्रदेश सरकार तर्फबाट पुँजीगत तर्फ रकम रु. १७ करोड ४७ लाख रुपैयाँ र चालु तर्फ रकम रु. १ करोड ९७ लाख ३ हजार रुपैयाँ गरी कुल रकम रु. १९ करोड ४४ लाख ३ हजार रुपैयाँ बजेट विनियोजन भएको थियो। जसअन्तर्गत पुँजीगत तर्फ र चालु तर्फ गरी कुल रकम रु. १८ करोड ६३ लाख ५३ हजार रुपैयाँ बजेट खर्च भएको थियो। भू तथा जलाधार व्यवस्थापन कार्यालय, रौतहटले आ.व. २०८०/८१ मा मधेश प्रदेश सरकार तर्फबाट गरेको समग्र वित्तीय प्रगतिको अवस्था तलको चित्रमा देख्न सकिन्छ।




### संघीय सशर्त अनुदान तर्फ

| क्र.सं. | कार्यक्रमको नाम | बजेट (रु. लाख) | खर्च (रु. लाख) | प्रगति प्रतिशत (%) |
|---|---|---|---|---|
| १ | जलाधार संरक्षण तथा सिमसार व्यवस्थापन कार्यक्रम | ८० | ७९.९० | ९९.८८ |

## ३.१८ वन तथा वातावरण मन्त्रालय र मातहतका कार्यालयहरुको आ.व. २०७४/७५ देखि २०७८/७९ सम्मको बेरुजुको विवरण

| क्र.सं. | कार्यालयहरुको नामावली | बेरुजु (रु.) |
|---|---|---|
| १ | वन तथा वातावरण मन्त्रालय, मधेश प्रदेश | ८१२७५१०१.५८ |
| २ | प्रदेश वन निर्देशनालय, जनकपुरधान, धनुषा | १३७५०१६३.०० |
| ३ | वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, सागरनाथ, सर्लाही | २८५०००.०० |
| ४ | डिभिजन वन कार्यालय, सप्तरी | १८६३१६०.७० |
| ५ | डिभिजन वन कार्यालय, सिराहा | ११९७७९२३.४३ |
| ६ | डिभिजन वन कार्यालय, धनुषा | २५६६५५७.८० |
| ७ | डिभिजन वन कार्यालय, महोत्तरी | १७८३८४९८.०७ |
| ८ | डिभिजन वन कार्यालय, सर्लाही | ७९९२७७१.१८ |
| ९ | डिभिजन वन कार्यालय, रौतहट | ६१७६०५३८.३५ |
| १० | डिभिजन वन कार्यालय, बारा | ३९३२३५८३.६६ |
| ११ | डिभिजन वन कार्यालय, पर्सा | २९१४६६९६.११ |
| १२ | भू तथा जलाधार व्यवस्थापन कार्यालय, सिराहा | २४९३९१७८.०० |
| १३ | भू तथा जलाधार व्यवस्थापन कार्यालय, रौतहट | ५७२३८७२.७० |

## ३.१९ वन तथा वातावरण मन्त्रालय, मधेश प्रदेशले प्राप्त गरेका उपलब्धीहरु

वन तथा वातावरण मन्त्रालय, मधेश प्रदेशले आर्थिक वर्ष २०८०/८१ मा देहाय बमोजिमका उपलब्धीहरु प्राप्त गरेको थियो।

- "संरक्षण हाम्रो मन प्रदेशको वन प्रदेशकै धन" नारालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न सामुदायिक र साझेदारी वन क्षेत्रमा वन सम्वर्द्धन प्रणालीमा आधारित दिगो वन व्यवस्थापन प्रणाली अवलम्वन गरी काठ दाउरा आपूर्तिमा सहजता ल्याउने कार्य गरेको;
- "एक वृक्ष लगाउ" कार्यक्रम अन्तर्गत विभिन्न वन प्रजातिका ३१ लाख बिरुवा उत्पादन गरी निःशुल्क रुपमा वितरण गरेको;
- धनुषाधाम वन संरक्षण क्षेत्रमा प्राणी उद्यान स्थापना तथा संचालनका लागि प्रकृया अघि बढेको;
- नदी कटान तथा तटवन्ध निर्माण, आकस्मिक एवं एकीकृत भू–संरक्षण कार्य, पानी मुहान संरक्षण, संरक्षण पोखरी निर्माण र वृक्षारोपण कार्य गरेको;
- वन अतिक्रमण भएको १६४.०२ हेक्टर हटाई तारबार सहितको वृक्षारोपण कार्य गरेको;
- उद्योग, कलकारखाना, अस्पताल, भौतिक पूर्वाधार निर्माण लगायतका कार्य गर्न वातावरणीय अध्ययन सम्वन्धी प्रारम्भिक वातावरणीय परिक्षण (IEE) तथा वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) स्वीकृत गरेको, स्वीकृत भएका वातावरणीय अध्ययन प्रतिवेदन अनुसूची २२ मा देखाईएको छ;
- मधेश प्रदेशमा वन विकास तथा विस्तार गर्नका लागि "समृद्धिका लागि वन परियोजना" अन्तर्गत प्रदेश भित्रका २५ वटा पालिकामा रु. ५२ लाखका दरले बजेट विनियोजन भएकोमा निजी तथा सार्वजनिक जग्गामा बृक्षारोपण कार्य गरेको;
- सार्वजनिक, ऐलानी पर्ति, खाली वन क्षेत्र तथा निजी जग्गाको ८७५ हेक्टरमा बृक्षारोपण मार्फत हरियाली अभिबृद्धि भई बढ्दो जलवायु परिवर्तनको असर न्यूनीकरणमा टेवा पुगेको;
- मधेश प्रदेशका ८ वटा जिल्लामा सडक किनारको दायाँवायाँ ५६.५ कि.मी. वृक्षारोपण सम्पन्न भई हरियाली अभिबृद्धि तथा सडक सौन्दर्यीकरण भई वातावरण सन्तुलन कायम राख्न सहयोग पुगेको;
- "चुरे जोगाउ मधेश बचाउ" कार्य सम्पन्न गरेको;
- चुरे सम्बन्धी अन्तरक्रिया कार्य सम्पन्न गरेको;
- तालिम/गोष्ठी/ अन्तरक्रिया /प्रचारप्रसार कार्य सम्पन्न गरेको।

## ३.२० वन तथा वातावरण मन्त्रालय, मधेश प्रदेशले भोगेका समस्या/सवाल र चालेका समाधानका प्रयासहरु

### समस्या/सवाल

- आधारहीन एवम् तथ्यहीन उजुरबाजुरका कारण नियमित कार्य सम्पादनमा बाधा भएको।
- वन क्षेत्रको स्पष्ट मार्ग चित्र नभई गन्तव्यहीन यात्राको अवस्था रहेको।
- प्रदेश भित्रको राष्ट्रिय वन भन्नाले अन्तरप्रादेशिक वन भन्दा पृथक वन।
- वन मुद्दा हेर्ने अधिकार प्रदेशमा नभएका कारण मुद्दाको फैसला नभई सेवाग्राहीले दुःख पाएको।
- सागरनाथ वन विकास परियोजनाको क्षेत्राधिकारको निरुपण नहुँदा दिन प्रतिदिन वन क्षेत्र अतिक्रमण एवम् वन विनाश।
- वन पेशाकर्मीको पोशाक सम्बन्धी नीतिगत निर्णय नहुँदा वन संरक्षण कार्यमा कठिनाई भएको।
- सशस्त्र वन रक्षकको सरुवा, नियुक्ति नेपाल सरकारबाट हुने भएकोले वन संरक्षण, व्यवस्थापनमा यसको परिचालनमा असहजग।
- वन क्षेत्रको रणनैतिक योजना नेपाल सरकारबाट स्वीकृत नहुँदा प्रदेशको रणनैतिक योजना निर्माण गर्न नसकिएको।

### समाधानका लागि गरिएका प्रयासहरु

- सम्बन्धित निकायबाट सोधिएका विषयवस्तुको समयमा प्रतिकृया पठाएको।
- वन क्षेत्रको रणनैतिक सुधार योजना तर्जुमा गरेको।
- मन्त्रालयस्तरीय विकास समस्या समाधान समिति काठमाण्डौंमा निरन्तर विषयवस्तुको उठान गरिनुका साथै मन्त्रालय र विभागमा निरन्तर पहल गरेको।
- सागरनाथ वन परियोजनाको व्यवस्थापनका लागि निरन्तर प्रयास गरिएता पनि प्रतिफल प्राप्त नभएको।
- वन पेशाकर्मीको आफ्नै पोशाकका लागि पहल गरेको।
